महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

कालिन्चोक गाउँपालिका

दोलखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
कालिन्चोक गाउँपालिका
दोलखा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

कालिन्चोक गाउँपालिका

दोलखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट

स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती

पत्र संख्याः २०७९।८०
च.नं. ९२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू ,
कालिञ्चोक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दोलखा।

कैफियत सहितको राय

हामीले कालिञ्चोक गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू ६ करोड ३८ लाख ८१ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३३ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १५ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु २ करोड ८९ लाख ८१ हजार र पेश्की रू. १ करोड २० हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु १३ करोड ५३ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १९ करोड ९२ लाख २९ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्तालि सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

कालिञ्चोक गाउँपालिका, दोलखा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६५	१३४	६३८८१	०	०	०	६५	१३४	६३८८१	३३४४	२८९८१	२१५३४	०	०	५०५१६	१००२०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कालिञ्चोक गाउँपालिका दोलखा	१३५३४८	०	०	१३५३४८	०	६३८८१	१९९२२९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कालिञ्चोक गाउँपालिका, दोलखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नव राज ओली	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	टिका राम ओली	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	६३,८८१,३४०.५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,३०,८६,११३.५३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४६,३४,७४,९३६	**चालु खर्च**	५४,८२,२१,३९८.८
प्रदेश सरकारबाट अनुदान	५,८६,५९,१८४	**पूँजीगत खर्च**	१५,५२,४५,३७९
राजश्व बाँडफाँट	७,६३,५३,३२६.८५	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	८२,१०,४४७.६७		
अन्य आय	१५,३२,४७,९२९.२५		
कुल आय	७५,९९,४५,८२३.७७	**कुल खर्च**	७०,३४,६६,७७७.८
बाँकी मौज्दात		११,९५,६५,१५९.५२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।नेपालको बागमती प्रदेशको दोलखा जिल्ला अर्न्तगतको यस कालिञ्चोक गाउँपालिकामा ९ वडा ५० सभा सदस्य, १३२.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२९५४ जनसङ्ख्या रहेको छ । लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसँग सम्बन्धित विबरणहरु तथा नेपालका महालेखापरीक्षकले जारी गरेको नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली (व्यबस्थापन तथा संचालन) निर्देशिका, २०७८ NAMS बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसँग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायत सम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ।	
२			**लेखापरीक्षणको क्रममा दाखिलाः** लेखापरीक्षणको क्रममा दहत्तर वहत्तर वापत संकलन गर्नुपर्ने मुल्य अभिवृद्दि कर रु ११८३६५०।६५ दाखिला भएको तथा विभाज्य कोषको रकम प्रदेशमा पठाउनुपर्नेमा नपठाएको रु २०४९८५९।८० प्रदेश पठाएकोले उक्त रकम प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरिएको छैन भने कर्मचारीको पारिश्रमिक कर कट्टा नभएको रु २५९६३। लेखापरीक्षणको क्रममा दाखिला भएको छ।	
३			**आर्थिक स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः वित्तीय प्रतिवेदन	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="4">आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२</td></tr>
<tr><td colspan="4">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td colspan="3">यसवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैलेगरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>७२,९६,८५,११४.७५</td><td>६३,४९,४७,८४४.७७</td><td>६३,४९,४७,८४४.७७</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>७०,८६,९१,०००</td><td>६०,६६,९७,८९४.५२</td><td>६०,६६,९७,८९४.५२</td></tr>
<tr><td>११००० कर</td><td>१४,७६,२०,०००</td><td>७,६३,५३,३२६.८५</td><td>७,६३,५३,३२६.८५</td></tr>
<tr><td>१३००० अनुदान</td><td>५३,८८,९२,०००</td><td>५२,२१,३४,१२०</td><td>५२,२१,३४,१२०</td></tr>
<tr><td>संघीय सरकार</td><td>४६,८०,३२,०००</td><td>४६,३४,७४,९३६</td><td>४६,३४,७४,९३६</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>७,०८,६०,०००</td><td>५,८६,५९,१८४</td><td>५,८६,५९,१८४</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td>२,२१,७९,०००</td><td>८२,१०,४४७.६७</td><td>८२,१०,४४७.६७</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td>२,०९,९४,११४.७५</td><td>२,८२,४९,९५०.२५</td><td>२,८२,४९,९५०.२५</td></tr>
<tr><td>वितरण गर्न बाकी राजस्व</td><td>०</td><td>१७,०५,८६७</td><td>१७,०५,८६७</td></tr>
<tr><td>कोषहरु</td><td>२,०९,९४,११४.७५</td><td>२,४८,०९,१३४.२५</td><td>२,४८,०९,१३४.२५</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			धरौटी	०	१७,३४,९४९	१७,३४,९४९	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	
			भुक्तानी (ग+घ)	७३,९७,९४,११४.७५	५७,८४,६८,७९८.८३	५७,८४,६८,७९८.८३	
			ग. भुक्तानी (सञ्चित कोषबाट)	७१,८८,००,०००	५५,९५,२९,५९६.८३	५५,९५,२९,५९६.८३	
			२१००० पारिश्रमिक / सुविधा	२२,१३,२५,०००	२०,८७,६१,७२६.८०	२०,८७,६१,७२६.८०	
			२२००० मालसामान तथा सेवाको उपयोग	२४,३०,७४,०००	१८,५१,११,१८९.५७	१८,५१,११,१८९.५७	
			२५००० सहायता (Subsidy)	११,००,०००	११,००,०००	११,००,०००	
			२७००० सामाजिक सुरक्षा	२,५१,४५,०००	१,९३,७२,४८४.४६	१,९३,७२,४८४.४६	
			२८००० अन्य खर्च	२३,००,०००	१५,२१,२३३	१५,२१,२३३	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२२,५८,५६,०००	१४,३६,६२,९६३	१४,३६,६२,९६३	
			घ. अन्य भूक्तानी	२,०९,९४,११४.७५	१,८९,३९,२०२	१,८९,३९,२०२	
			कोषहरु	२,०९,९४,११४.७५	९१,००,१५५	९१,००,१५५	
			धरौटी	०	१,००,२१,५४५	१,००,२१,५४५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		(१,८२,४९८)	(१,८२,४९८)
ङ. यो वर्षको बचत (न्युन)	(१,०१,०९,०००)	५,६४,७९,०४५.९४	५,६४,७९,०४५.९४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		६,३०,८६,११३.५३	६,३०,८६,११३.५३
वर्षान्तको बाकी रकम (ङ + च)	(१,०१,०९,०००)	११,९५,६५,१५९.४७	११,९५,६५,१५९.४७
बैंक तथा नगद बाकी		१२,१२,६३,५४३.४९	१२,१२,६३,५४३.४९

पालिकाले पेश गरेको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA)बमोजिमको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) मा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन्

सि.नं.	कार्यक्रम	अन्तिम बजेट	खर्च
1.	सामाजिक सुरक्षा तथा संरक्षण	११३,६३२,३२०.००	११३,४१५,५६२.९५
2.	प्रदेश पूर्वाधार स्वास्थ्य प्रवर्धन तथा कोभिड पूर्नस्थापना साझेदारी	४८०००००.	४,५२१,६०५.००
3.	भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	३५०००००.	३,०५६,२२२.००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>4.</td><td>भौतिक पूर्वाधार विकास मन्त्रालय</td><td>४१९७०००.</td><td>४,००४,५८९.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१२६,१२९,३२०.००</td><td>१२४,९९७,९७८.९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ः
·पालिकाको म ले प फा नं २७२ को वित्तिय प्रतिवेदनको वित्तिय विवरणमा गत वर्षको जिम्मेवारी रु ६,९७,८६,११३.५३ अ. ल्या. गरेको देखिएकोमा पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु १०,०२,७५,०२४.१९ रहेको देखिएकोले गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित वैंक तथा नगद बाँकी महलको तुलनामा यस वर्षको लागि अ.ल्या. गरेको रकममा रु ३०४८८९११। फरक परेको देखिन्छ। यसमा प्रकोप व्यवस्थापन कोषको गत वर्षको मौज्दात अ.ल्या. नभएको रु ३७९४३३०। नसमेटिएको भनि पालिकाले जानकारी गराएकोले उक्त रकम समेत हिसाव गर्दा रु २६६९४५८१। फरक परेको देखिन्छ। जसमा गत वर्ष सुत्र वाहिरवाट मिति २०७८।३।३१ मा रु १८६१४८३४। तथा मिति २०७८।५।१८ मा रु १५९५५५५। फिर्ता पठाएको भौचर पेश गरेकोले कुल रु २०२१०३८९। मिलान गर्दा वास्तविक रुपमा खुद रु ६४८४१९२। फरक परेको देखिन्छ। यसरी परेको फरकको सम्वन्धमा एकिन गरी आम्दानी वाध्नुपर्ने देखिएको रु
·पालिकाले पेश गरेको सुत्रको म. ले. फा. नं २७२ को वित्तिय प्रतिवेदनको वैक तथा नगद बाँकीमा रु. १२,१२,६३,५४३.४९ देखिएकोमा पालिकाको वास्तविक नगद तथा वैंक मौज्दात रु ८,७८,३०,६६३।७१ रहेको जनाएको छ। जस अनुसार म. ले. फा. नं २७२ को मौज्दात र वास्तविक मौज्दात विच रु ३,३४,३२,८७९।८० फरक रहेको देखिन्छ। फरक परेको रकम सम्वन्धमा छलफल गर्दा संघीय शशर्त तर्फ खर्च नभइ बाँकी रहेको रु २३४८७५५४।९० तथा प्रदेश शशर्त तर्फको खर्च नभइ बाँकी रहेको रु २०२८०३४६।६४ गरी कुल रु ४,३७,६७,९०१।५० मिति २०७९।३।२९ मा सुत्रमा पोष्टीङ नगरी खर्च लेखेको कारण सुत्रमा फिर्ता नदेखिएको कारण फरक</td><td>६,४८४,१९२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			परेको देखिएको छ। यसरी सुत्रमा पोष्टीङ वेगर मेनुअल भौचरका आधारमा रकम फिर्ता गर्नु उचित देखिएन। मेनुअल भौचर तयार गरी वजेट फिर्ता गरेको रकम मिलान गर्दा समेत रु १०३३५०२१।७० फरक परेको देखिन्छ। उक्त फरक रकम सम्वन्धमा पालिकाले एकिन गरी हिसाव मिलान गर्नुपर्दछ। · पालिकाको श्रेष्ता अनुसारको मौज्दात परिक्षण गर्दा पालिकाको चालु खर्च खातामा वैंक अनुसार रु ६०,२९,०६५। वाँकी रहेको देखिएकोमा चालु खाताको वैंक नगदी किताव परिक्षण गर्दा रु १२,५३,७२,५१२।६० (जसमा पालिका चालु तथा शशर्त चालु समेतका भौ नं ८६, ८७, ८८, ३४८, ३४९ र ७१४ मा स्वीकृत हुन वाँकी भौचरको रुपमा रु ९४६१२,८४४। समेत गरी) देखिएको छ। स्वीकृत हुन वाँकी रहेको भौचर देखिएकोमा पालिकाले समेत कतावाट आयो जानकारी नभएको जनाएको छ। स्वीकृत हुन वाँकी भौचरलाइ हटाइ खुद मौज्दात हेर्दा समेत खुद रु ३०७५९६६८।६० देखिएकोले वैंकमा भन्दा श्रेष्तामा रु २४७३०६०३।६० फरक रहेको देखिन्छ। उक्त फरक देखिएको र श्रेष्तामा भन्दा वैंकमा कम रकम देखिएकोमा फरक रकमको पुष्टयाइ पेश गरी वैंक हिसाव मिलान तयार गर्नुपर्ने देखिन्छ। · पालिकाको श्रेष्ता अनुसारको मौज्दात परिक्षण गर्दा पालिकाको पुँजीगत खर्च खातामा वैंक अनुसार रु ४५९४३९६१।३४ वाँकी रहेको देखिएकोमा पुजीगत खर्च खाताको वैंक नगदी किताव परिक्षण गर्दा रु ८२२९७८४८।५५ (जसमा पालिका पुजीगत तथा शशर्त पुजीगत समेतका भौ नं ४४६, ४४७ र २३ मा स्वीकृत हुन वाँकी भौचरको रुपमा रु २५६५३०००। समेत गरी) देखिएको छ। स्वीकृत हुन वाँकी भौचरलाइ हटाइ खुद मौज्दात हेर्दा समेत खुद रु ५६६४४८४८।६० देखिएकोले वैंकमा भन्दा श्रेष्तामा रु १०७००८८७.३० फरक रहेको देखिन्छ। उक्त फरक देखिएको र श्रेष्तामा भन्दा वैंकमा कम रकम देखिएकोमा फरक रकमको पुष्टयाइ पेश गरी वैंक हिसाव मिलान तयार गर्नुपर्ने देखिन्छ।	
५			**वैंक हिसाव मिलान नगरेको:** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा.नं.२७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन। सुत्रवाट देखिने मलेपफा नं २७२ को अनुसूचि २४ अनुसार देहायको विवरण देखिएको तर वास्तविक वैंक मौज्दात ८,७८,३०,६६३।७१ मात्र रहेको देखिन्छ। बैंक हिसाब मिलान विवरण तयार नगरेकोले हुनुपर्ने कति हो एकिन हुन नसकेको हुँदा वैंक हिसाव मिलानको विवरण तयार गरी यकिन गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

खाताको प्रकार	खाता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
ग १.१, आन्तरिक राजस्व खाता	९,११,०१७.२४	६,०१,५४८.१५
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	११,६०,३६०.५५
ग १.३, आन्तरिक अनुदान खाता	०	०
ग २.१, चालू खर्च खाता- विजोर वर्ष	३,०७,५९,६६८.६०	१,७८,७०,४४८.४९
ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष	५,६६,४४,८४८.५५	१०,२३,४८,९२२.६४
ग २.७, विविध खर्च खाता	०	८,९९,७८४.७५
ग २.७, विविध खर्च खाता	२६,८९,०७१.२५	८,९९,७८४.७५
ग ३.१, स्थानीय तह धरौटी खाता	८२,३६,७८५.०७	१,६३,०२,६३१.०७
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	०	०
ग ५.१, स्थानीय तह मर्मत संभार कोष खाता	१,२०,७८,६५५.००	६७,००,०००.००
ग ५.१, स्थानीय तह मर्मत संभार कोष खाता	२,००,०००.००	६७,००,०००.००
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	१७,०५,८६७.००	०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>९,१३,९९२.००</td><td>३६,६०,३३०.००</td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [विभाज्य कोष खाता र राजस्व खाता]</td><td>१६,९८,३८४.०२</td><td></td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]</td><td>८,८७,०००.००</td><td></td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]</td><td>५४,४९,२७२.००</td><td></td></tr>
<tr><td></td><td>१२,२१,७४,५६०.७३</td><td>१५,७१,४३,८१०.४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>
अवण्डाको रुपमा वजेट राखेको
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। जसअनुसार अवण्डाको रुपमा वजेट राख्न मिल्ने दखिदैन। यस स्थानीय तहले यो बर्ष चालु तथा पूँजीगत तर्फ वित्तीय समानीकरण अनुदान लगायतको रकमवाट ।जनता सँग अध्यक्ष, जनता सँग उपाध्यक्ष लगायतका कार्यक्रममा एकमुष्ट रुपमा देहायअनुसार रु १ करोड २६ लाख वजेट राखी कार्यपालिकाको पटक पटकको निर्णयवाट खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>मिति २०७८।११।१८ को कार्यपालिकाको निर्णयानुसार जनता सँग अध्यक्ष र जनता सँग उपाध्यक्ष कार्यक्रमवाट ४३ कार्यक्रम छनोट गरी संचालन गर्ने निर्णण गरेको, २०७८।१२।११ को निर्णयले ५ कार्यक्रम थप समेतको कुल रकम</td><td>४५०००००</td></tr>
<tr><td>२०७८।१२।११ को निर्णयानुसार जनजाती शिर्षकमा विनियोजित रकम रु १८ लाख विभिन्न १९ कार्यक्रममा खर्च गर्ने निर्णय गरेको,</td><td>१८०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८।१२।११ को निर्णयानुसार यूवा स्वरोजगार शिर्षकमा विनियोजित रकम रु २७ लाख विभिन्न २६ कार्यक्रममा खर्च गर्ने निर्णय गरेको</td><td>२७०००००</td></tr>
<tr><td>२०७८।१२।११ को निर्णयानुसार महिला शिर्षकमा विनियोजित रकम रु १८ लाख विभिन्न १५ कार्यक्रममा खर्च गर्ने निर्णय गरेको</td><td>१८०००००</td></tr>
<tr><td>२०७८।१२।११ को निर्णयानुसार जेष्ठ नागरिक शिर्षकमा विनियोजित रकम रु ९ लाख विभिन्न ९ कार्यक्रममा खर्च गर्ने निर्णय गरेक</td><td>९०००००</td></tr>
<tr><td>२०७८।१२।११ को निर्णयानुसार दलित शिर्षकमा विनियोजित रकम रु ९ लाख विभिन्न १४ कार्यक्रममा खर्च गर्ने निर्णय गरेको</td><td>९०००००</td></tr>
<tr><td></td><td>१२६०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
कार्यक्रम संसोधन वेगर खर्च
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने तथा (१२) मा वजेट अपर्याप्त रहेको तर खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा काममा वाधा पर्ने अवस्था भएमा खर्च गरी लेखा उत्तरदायी अधिकृत वाट नियम ४३ वमोजिम नियमित गर्न सक्ने उल्लेख छ । तर कार्यालयले खर्च शिर्षक तथा संकेत फरक पारेकोमा उक्त खर्च पालिकावाट अनुमोदन गराएको छैन । यसरी शिर्षक फरक पारी खर्च लेखु उचित देखिएन । यसमा सुधार गर्नुपर्दछ।
<table>
<tr><td>भौ नं</td><td>खर्चको विवरण</td><td>खर्च रकम</td></tr>
<tr><td>१४</td><td>सुनखानी साङवा सडकको कामको लागि साकुरा निर्माण सेवा प्रा लि लाइ कार्यक्रम फरक पारी सिसागोलाई साङवा सडक स्तरोन्नती कार्यक्रमवाट भुक्तानी गरेकोमा कार्यक्रम संसोधन नगरी भुक्तानी</td><td>४२६४९२४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३००</td><td>सुनखानी साङवा सडकको कामको लागि देवीरमण कन्स्ट्रक्सन प्रा लि लाइ कार्यक्रम फरक पारी सिसागोलाई साङवा सडक स्तरोन्नती कार्यक्रमवाट भुक्तानी गरेकोमा कार्यक्रम संसोधन नगरी भुक्तानी</td><td>७००६०००</td></tr>
<tr><td>३६२</td><td>सुनखानी साङवा सडकको कामको लागि देवीरमण कन्स्ट्रक्सन प्रा लि लाइ कार्यक्रम फरक पारी सिसागोलाई साङवा सडक स्तरोन्नती कार्यक्रमवाट भुक्तानी गरेकोमा कार्यक्रम संसोधन नगरी भुक्तानी</td><td>२३०२७०८</td></tr>
<tr><td>४२४ (चालु)</td><td>सवारी साधन भाडामा लिएको भनि कृष्ण वहादुर थामीलाइ गाडीभाडावापत रु २०८५००। भुक्तानी गरेकोमा सवारी साधन तथा मेशिनरी औजार भाडा शिर्षकवाट नदिइ इन्धन पदाधिकारी शिर्षकवाट भुक्तानी गरेको तथा गाडी भाडामा लिएको प्रयोजन समेत नखुलाएको ।</td><td>२०८५००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१३७८२१३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
लक्ष्य अनुसार प्रगति नभएको
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम १६ मा त्रैमासिक लक्ष्य निर्धारण गरी वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने तथा नियम ३५ मा अनुसूचि २ अनुसारको त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले परिमाण समेत खुल्ने गरी लक्ष्य तथा प्रगतिको विवरण तयार गरेको छैन तर सुत्रवाट देखिएको विवरण अनुसार देहायका कार्यक्रममा खर्च अत्याधिक न्युन भएकोले प्रगति हुन सकेको देखिएन। लक्ष्य अनुसार प्रगति भएको नदेखिएकोले शत प्रतिशत नतिजा हासिल गर्नेगरी कार्यक्रम संचालन गर्नुपर्दछ।
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>खर्च शीर्षक</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>औषधी खरिद</td><td>22522</td><td>2000</td><td>499</td><td>24.99</td></tr>
<tr><td>जैसीटोल टुटवान सडक</td><td>31151</td><td>9992</td><td>219</td><td>2.2</td></tr>
<tr><td>जैसीटोल टुटवान सडक म्याचिङ</td><td>31151</td><td>10000</td><td>1856</td><td>18.57</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

टारीखाोला पुल निर्माण कालिन्चोक ९	31159	4000	1394	34.86
थामी संग्राहलय निर्माण कालिन्चोक ५	31159	2000	0	0
दलित कार्यक्रम	22522	900	400	44.44
नागरीक स्वास्थ्य विमा	22522	30000	9773	32.58
म्याचिङ कार्यक्रम	22522	3000	250	8.33
विपन्न नागरीक उपचार	22522	1000	493	49.3
साहित्यकला र गाउँपालिकाको डकुमेन्ट्री निर्माण	22522	1000	0	0
सोरुङखोला निकोभुमे वंशथली कालिन्चोक सडक	31151	9991	1984	19.86
सोरुङखोला निकोभुमे वंशथली कालिन्चोक सडक म्याचिङ	31151	10000	1141	22.61
सिङ्गटी सस्कृत ग्राम सडक क्रमागत म्याचिङ	31151	8988	632	38.56
सिङ्टी संस्कृत ग्राम सडक क्रमागत	31151	9970	2648	26.57
सिसागाेलाई साङ्वा सडक कालोपत्रे	31151	8300	2080	25.06
सिसागोलाइ साङवा सडक कालोपत्रे म्याचिङ	31151	12500	4295	34.36
जम्मा:	**508960**	**123641**	**27664**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**आन्तरिक नियन्त्रण प्रणाली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आःआफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन । कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहाय अनुसार रहेका छनः • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ तर वीमा गर्ने परीपाटीको विकास भएको पाईएन । • प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू गरेको पाईएन । • उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण गरेको पाईएन । • केही योजनाको लागत अनुमान तयार स्वीकृति नापी मूल्याङ्कन ठेक्का विल कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख गरेको पाईएन । • भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको पाईएन । • उपभोक्ता समितिबाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिमको खरिद विधि अपनाएको पाईएन । • उपभोक्ता समितिले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकिएको अवधि भित्र सामाजिक लेखापरीक्षण गर्नुपर्नेमा केही उपभोक्ता समितिहरुले सो वमोजिम सामाजिक लेखापरीक्षण गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			•निकायको आ.व. २०७८।७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । •आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) मा एक कार्यक्रमको लागि पेश्की दिए पछि सो कार्यक्रम सम्पन्न नभएसम्म अर्को कार्यक्रमको पेश्की दिन नहुनेमा कर्मचारीलाई पेश्की माथि पेश्की दिने गरेको पाइएकोले नियन्त्रण हुनुपर्छ । •सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा रु.२५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा सम्वन्धित मालसामानको स्फेशिफिकेशन सहित लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्ने सो अनुरुप गरेको देखिएन। •स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउंदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो बमोजिमको सूची तयार नगरी सालबसाली योजनाहरुमात्र संचालन गरेको छ । •सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राखेको पाइएन। •मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । •कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन । •कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । •सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । •ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन । •सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । •वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाईएन । •सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । •गाउँपालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश कार्यपालिका बैठकबाट अनुमोदन गराउने नगरेको । •सवारी साधन मर्मतको अभिलेख तथा पुरानो सामानको दाखिला राखेको छैन । .•पालिकाले प्रदेश हस्तान्तरित चालुको भौ नं ९ वाट सिंगटी प्राथमिक अस्पतालको लागि सफ्टवेयर खरिद आदिमा रु ४६४३७५। खर्च गरेकोमा सो को अभिलेख व्यवस्थित नगरेको तथा सफ्टवेयरको प्रयोग तथा हालको अवस्थावारे जानकारी नलिएको। .•.पालिकाले भौ नं ७१ वाट महिला जनप्रतिनिधि चिनारी किताबको लागि आचार्य वुक्स एण्ड स्टेशनरीवाट रु १ लाखका २०००। को दरका ५० थान किताव खरिद गरेकोमा उपादेयता पुष्टी नहुने गरी महंगा किताव खरिद गर्नु उचित नदेखिएको। .•कार्यालयमा रहेका विभिन्न ल्यापटप, प्रिन्टर तथा डेस्कटप मर्मत गरेको भनि भौ नं ४२७ वाट रु १५६७८८। तथा भौ नं ४२६ वाट १३९२६५। भुक्तानी गरेकोमा कुन मे औजारमा के समस्या थियो भनि विवरण नै नराखी भुक्तानी गरेको तथा मर्मत संभार अभिलेख खाता नै नवनाएकोले आन्तरिक नियन्त्रण प्रभावकारी नभएको। •सवारी साधन मर्मत शिर्षकवाट खर्च भएका अधिकांश भुक्तानी प्यानमा मात्र दर्ता भएका विलका आधारमा भएकोले कानूनको पालना गरेको नदेखिएको। अतः आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>अनुत्पादक खर्च
वजेट उपलव्धी मुलक क्षेत्रमा खर्च गरी उच्चतम प्रतिफल मार्फत उत्पादकत्व हासिल गर्नुपर्दछ। पालिकाले भौ नं ४१५ वाट रु ३६६,९४५। खर्च गरेकोमा सम्माननीय प्रधानमन्त्री दोलखा आउदाको खर्च भनि मु.अ.करमा दर्ता समेत नभएका होटल मेक कुरी भिलेज प्रा लि लाइ रु १३७३००। तथा होटल सुनापतिलाइ २२९६४५। भुक्तानी गरेको छ। प्रधानमन्त्री आउने कार्यक्रममा खर्च हुने भएमा उक्त रकम जुन प्रयोजनको लागि कार्यक्रम संचालन भएको हो उही निकाय अन्यथा संघीय सरकारकै एकाइवाट खर्च गर्नुपर्नेमा स्थानीय तहले उक्त रकम खर्च गर्नु उचित देखिएन। खर्च गर्दा उपादेयता वढी हुने क्षेत्र छनोट गरी अधिकतम प्रतिफल सुनिश्चित गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>वित्तीय समानीकरणवाट चालू खर्च
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ (४) मा स्थानीय तहले आफुले उठाएको आन्तरिक आय र राजस्व बाँडफाँटवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको विवरण पेश गर्नुपर्ने उल्लेख छभने दफा २८ मा अनुदान जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नुपर्ने उल्लेख गरेको छ। जस अनुसार वित्तीय समानिकरण अनुदानको वजेटवाट चालू प्रकृतिका कार्यमाखर्च गर्न मिल्दैन। तर यस स्थानीय तहले वित्तीय समानिकरण अनुदानको श्रोतवाट देहायअनुसारका चालु खर्च शिर्षकमा देहायअनुसार रु ४ करोड ५९ लाख ३४ हजार वजेट राखी रु ३ करोड ३३ लाख ९ हजार खर्च गरेको छ।चालु प्रकृतिका खर्च आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमवाट खर्च गर्नुपर्नेमा समानीकरण अनुदानवाट खर्च गरेकोले यस शिर्षकवाट गरिने चालु प्रकृतिका खर्चमा पुर्णरुपमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>खर्चसंकेत नं.</th><th>खर्च शीर्षक</th><th>अन्तिम बजेट</th><th>यस महिना सम्मकोखर्च</th></tr>
<tr><td colspan="2">नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगदअनुदान</td><td>४५८७५०००</td><td>३३२७३५१८</td></tr>
<tr><td>२११११</td><td>पारिश्रमिककर्मचारी</td><td>५०००००</td><td>५०००००</td></tr>
<tr><td>२२१११</td><td>पानीतथा बिजुली</td><td>२०००००</td><td>१०००००</td></tr>
<tr><td>२२११३</td><td>सार्वजनिकउपयोगिताको सेवा खर्च</td><td>१२५०००</td><td>५०,०००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			२२२३१	निर्मितसार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२०००००	१५००००	
			२२४११	सेवार परामर्श खर्च	१०००००	९९,९९९	
			२२५१२	सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	३५००००	२०००००	
			२२५२१	उत्पादनसामग्री / सेवा खर्च	१५००००	१५००००	
			२२५२२	कार्यक्रमखर्च	३८५६००००	२७२७९६२८	
			२२५२९	विविधकार्यक्रम खर्च	१८४००००	१४०५४५८	
			२२६११	अनुगमन, मूल्यांकन खर्च	२०००००	२०००००	
			२२६१२	भ्रमणखर्च	११५००००	६५००००	
			२२७११	विविधखर्च	४०००००	४०००००	
			२५२२१	वित्तीयव्यवसायहरूलाई चालु सहायता	३०००००	३०००००	
			२५३११	शैक्षिकसंस्थाहरूलाई सहायता	६०००००	६०००००	
			२५३१२	स्वास्थसंस्थाहरूलाई सहायता	१०००००	१०००००	
			२५३१४	धार्मिकतथा सांस्कृतिक संस्था सहायता	१०००००	१०००००	
			२७११२	अन्यसामाजिक सुरक्षा	५०००००	४८८४८६	
			२७२१३	औषधीखरिदखर्च	५०००००	४९९९४७	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="2">वाग्मती प्रदेश - समानिकरण अनुदान : वाग्मती प्रदेश-नगद अनुदान</td><td></td><td></td></tr>
<tr><td>२१११११</td><td>पारिश्रमिककर्मचारी</td><td>५९,०००</td><td>३५,०८८.६०</td></tr>
<tr><td colspan="2">संघ र प्रदेशको समानीकरण अनुदानको जम्माः</td><td>४५९३४०००</td><td>३३३०८६०७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>तलबी प्रतिवेदन पारीत नगरी खर्च लेखाङ्कन
निजामती सेवा ऐन, २०४९ अनुसार जिल्ला स्थित निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलव खुवाउनु हुँदैन भन्ने उल्लेख छ । यस गाउँपालिकाले आ.व. २०७८।०७९ को तलवि प्रतिवेदन पारित नगरी कर्मचारीहरुको रु.१६९७१४६८।९० तलव खर्च लेखेको छ। तलबी प्रतिवेदन पारीत गराई तलब खर्च लेख्ने व्यवस्था कार्यालयले मिलाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>जिन्सी निरिक्षण प्रतिवेदन
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिवाट निरीक्षण गरी गराई महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा जिन्सी मालसामानको नियमावलीमा तोकिए अनुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको पाइएन। तसर्थ नियमावलीमा तोकिएको विधि प्रकृया अनुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) प्रयोगमा नआएको
पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कायम गर्नयस सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) लागु नगरेकोले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सहि तथा यथार्थ छ भन्नेमा विश्वस्त हुन सक्ने अवस्था भएन। यस प्रणालीपुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।	
१५			**बेरुजू अभिलेख** पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ । •म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत •म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन •म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।	
१६			**विद्यालयगत निकासा रजिष्ट्रर** अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्दछ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।	
१७			**निजी विद्यालय व्यवस्थापन** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भीक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका क्षेत्र भित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन। ऐनमा भएको व्यवस्थाको पालना हुन पर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>विद्यार्थी संख्या</td><td>निशुल्क शिक्षाका लागि आरक्षण संख्या</td><td>कैफियत</td></tr>
<tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td><td></td></tr>
<tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td><td></td></tr>
<tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अनुदान रकमको उपयोगिता
कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु.१५०१८०१/-,निशुल्क पाठ्यपुस्तक बापत रु.३३८८७११/- र दिवा खाजा बापत रु.८६९४९४५/- गरी ५१ विद्यालयहरुलाई रु.१३५८५४५७/- निकासा दिएको छ। तर उक्त निकासा रकम तोकिएको प्रकृया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन। जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन। तसर्थ कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्याङ्कन हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण
विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम यसपालिकाअन्तर्गतका ११ माध्यमिक विद्यालय र ४० आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत रु.५६५०००/- लेखापरीक्षण अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण जवाफदेहिता सुनिश्चितताका साथ दोस्रो चौमासिक निकासा दिँदासम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले खर्च शिर्षक फरक पारी खर्च गरेको कारण फरक शिर्षकवाट देहायको रकम खर्च भएको छ। शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गर्नु हो। खर्च संकेत फरक पारीचालु खर्च शिर्षकवाट पुजीगत प्रकृतिका काम गरेका केही उदाहरण यस प्रकार छन्। यसमा सुधार गर्नुपर्दछ।	

भौ. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम	विवरण	खर्च रकम	कामको विवरण
३९६	जनतासँग उपाध्यक्ष कार्यक्रम	जनता सगँ कार्यक्रम च्यानडाँडा गोर्खेटोल सडक निर्माण उ स	१०००००	सडक निर्माण
४०३	जनतासँगअध्यक्ष कार्यक्रम	मलेपु सामुदायिक भवन निर्माण समिति वडा न ८	२०००००	भवननिर्माण
४०५	जनतासँगउपाध्यक्ष कार्यक्रम	सामुदायिक भवन निर्माण उ स वडा न २	४०,०००	भवननिर्माण
४३९	जनजाति	वडा न ४ मा रहेकाे गिठीनीटाेल खानेपानी मर्मत उ स	१०००००	खानेपानी
४६०	जनतासँगउपाध्यक्ष कार्यक्रम	वडा न ७मा रहेकाे पाण्डे सामुदायीक भवन मर्मत उ स	२०००००	भवननिर्माण
४९१	महिला	वडा न ८ मा रहेकाे मिलिजुली महिला भवन	५०,०००	भवननिर्माण
५२९	जनतासँगअध्यक्ष कार्यक्रम	वडा न ९ मा रहेकाे महिला सामुदायिक भवन सुधार उ स	५०,०००	भवननिर्माण
५३०	जनतासँगउपाध्यक्ष कार्यक्रम	महिला सामुदायिक भवन निर्माण फेदी उ स	१५००००	भवननिर्माण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see table below)	

५३२	युवास्वरोजगार	चिरेखोला गोर्खेटोल सडक सोलिङ उ स वडा न ९	१०००००	सडकनिर्माण
५३५	जेष्ठनागरीक	भिरमुनि सामुदायिक भवन निर्माण उ स वडा न २ भिम बहादुर कठेत -	१०००००	भवननिर्माण
५३७	जनतासँगअध्यक्ष कार्यक्रम	सित्का सामुदायिक भवन उ स लाइ रकम भुक्तानी गरेको -	५०,०००	भवननिर्माण
५६७	जनजाति	वडा न ४ मा रहेको चप्लेटी खानेपानी मर्मत उ स वापतको रकमभुक्तानी गरेको -	१०००००	खानेपानी
५७१	दलित	वडा न ४ मा रहेको सार्कीटोल खानेपानी मर्मत उ स लाइ रकम भुक्तानीगरेको -	१०००००	खानेपानी
५८०	विपदव्यव्स्थापन	पिपलबोट चौघारा सडक डाँडाथोक सातथले खण्ड पहिरो नियन्त्रणआयोजना वडा न८ -	४५००००	सडकनिर्माण
६०९	दलित	दलित टोल खानेपानी भट्टेलि उ स -	५०,०००	खानेपानी
६१९	जेष्ठनागरीक	वडा न ८ मा रहेको सामुदायिक भवन वाद्यवाधन लाइ रकम भुक्तानी	१०००००	भवननिर्माण
६६६	जनतासँगअध्यक्ष कार्यक्रम	वडा न ४ मा रहेको जुकेपानी खानेपानी उ स	१२५२०४	खानेपानी
६७०	जनतासँगअध्यक्ष कार्यक्रम	वडा नं. १ को दिपजंग सहकारी भवन निर्माण	५०,०००	भवननिर्माण

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६७१</td><td>महिला</td><td>वडा नं. ६ को आक्रालय लिफ्ट खानेपानी आयोजनालाई भुक्तानी</td><td>१९५४११</td><td>खानेपानी</td></tr>
<tr><td>६७७</td><td>जनतासँगअध्यक्ष कार्यक्रम</td><td>भिरमुनी पोखरे पुरानागाँउ भिरमुनी देउपुरेथली खानेपानी आयोजना उस वडान ५ -</td><td>६७,८५१</td><td>खानेपानी</td></tr>
<tr><td>६८४</td><td>महिला</td><td>वडा न २ मा जागरण कृषि भवन लाइ रकमा भूत्तानी</td><td>१०००००</td><td>भवननिर्माण</td></tr>
<tr><td></td><td></td><td></td><td>२४७८४६६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आर्थिक सहायता
आर्थिक सहायता प्रदान गर्दा कानून तयार गरी कानूनमा भएको व्यवस्था अनुसार सहायता प्रदान गर्नुपर्दछ। पालिकाले यस वर्ष स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत रु.९७७३०५०।-भुक्तानी गरेकोमा पुनः विपन्न आर्थिक उपचारमा रु ४९३०००। खर्च गरेको छ। स्वास्थ्य वीमा कार्यक्रम संचालन भइसकेपछि उक्त वीमा वाट नै स्वास्थ्य उपचारको सुविधा उपयोग गराउनुपर्नेमा पुनः विपन्न आर्थिक उपचार भनि सहायता दिनु उचित देखिएन। सहायता दिनुनैपर्ने अवस्थामा अति गरिवको परिचयपत्र भएका परिवारलाइ मात्र दिने गरी सहायता परिचालन गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले वजेट तथा खर्चको लेखापरीक्षण गराएको छैन। जसले गर्दा आन्तरिक नियन्त्रण ्प्रणाली प्रभावकारी देखिएन। समयमा आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>अत्याधिक भेरीएसन</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद संझौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति संझौता कार्यान्वयनको क्रममा श्रृजना भएमा कारण खुलाइ पच्चिस प्रतिशत भन्दा माथिको भेरीएसन संघीय सरकारको हकमा सम्वन्धित मन्त्रालयले विशेषज्ञहरुको समुह गठन गरी सो समुह मार्फत आवश्यक जाँचवुझ गराई प्राप्त शिफारिश सहित सम्वन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार मन्त्रिपरिषद्ले गर्न सक्ने उल्लेख छ। पालिकाले सुनखानी साङवा सडक (शिशागोलाइ पाटागाउँ खण्ड) कालोपत्रे गर्ने कार्यको लागि गौरा साकुरा जेभी सँग रु २२०२५९२२। मा संझौता भएकोमा भेरीएसन मार्फत २८७४७६०३। कायम भएको छ भने शुरु लागत अनुमान रु ३३७६२०८२। मा थप भइ रु ४४३३१९६७। कायम भएको छ। जस अनुसार शुरु लागत अनुमानको तुलनामा ३१.३१ प्रतिशत तथा ठेक्का संझौताको तुलनामा ३०.५२ प्रतिशत वढीको भेरीएसन भएको देखिन्छ। २५ प्रतिशत भन्दा माथिको भेरीएसन गर्दा संघीय इकाइको लागि सम्वन्धित मन्त्रालयले विशेषज्ञहरुको समुह गठन गरी सो समुह मार्फत आवश्यक जाँचवुझ गराई प्राप्त शिफारिश सहित सम्वन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार मन्त्रिपरिषद्ले गर्न सक्ने उल्लेख भएकोले पालिकाले पनि विशेषज्ञहरुको समुह गठन गरी सो समुह मार्फत आवश्यक जाँचवुझ गराई प्राप्त शिफारिशका आधारमा कार्यपालिकाले गर्नु उपयुक्त हुनेमा उक्त समुह गठन नै नगरी कार्यपालिकाले पुष्टयाईवेगर निर्णय गरी थप ५०० मिटर कालोपत्रे गर्नुपरेको भनि भेरीएसन गरेको छ। कानूनमा भएको व्यवस्था विपरीत हुने गरी तोकिएको सीमा भन्दा वढीको भेरीएसन गर्नु नियमसंगत देखिएन। यसमा सुधार गर्नुपर्दछ।	
२४			**सडक निर्माणको टयाककोट कार्यमा बढी भुक्तानी** भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टयान्डर्ड स्पेशिफिकेशन, २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर टयाककोट लाग्ने उल्लेख गरेको छ। यस पालिका अन्तर्गत निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा प्राइम कोटमा राखेको परिमाण वरावर नै टयाक कोटमा परिमाण लेखी खर्च गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ५० देखि ६० प्रतिशत मात्र टयाककोटको खर्च लाग्ने उल्लेख भएकोले सोही बमोजिम मात्र खर्च लेख्नु पर्नेमा तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी टयाककोटको खर्च लेख्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	८३९,३८१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भौ नं</th><th>योजनाको नाम</th><th>निर्माण सेवा/उ स को नाम</th><th>प्राइम कोटको क्षेत्रफल</th><th>ट्याककोट दिएको (लिटर) ब मी</th><th>ट्याक कोट दिनु पर्ने (लिटर) (६० प्रतिशत)</th><th>ट्याक कोट वढी लिएको लिटर</th><th>ट्याककोट को दर प्रति लिटर (मुअकर समेत)</th><th>मु अ कर समेत बढी भुक्तानी</th></tr>
<tr><td>९८</td><td>सिसागोलाइ साङवा सडक कालोपत्रे</td><td>गौरा साकुरा जेभी</td><td>१३४३४.६८</td><td>१३४३४.६८</td><td>8060.81</td><td>5373.87</td><td>११८.६५</td><td>637610</td></tr>
<tr><td>३६२</td><td>सुनखानी साङवा रोड</td><td>देवीरमण कन्स्ट्रक्सन क प्रा लि</td><td>३८८१.७१</td><td>३८८१.७१</td><td>2329.03</td><td>1552.68</td><td>१२९.९५</td><td>201771</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>839381</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कार्यालयको काम उपभोक्ता समितिबाट
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको छ। उपभोक्तासमिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने रअनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो।नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदायमार्फत आफ्नै भवन निर्माणकार्य गराउनु अनियमित देखिएको रु.</td><td>७,९१३,८५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><th>भौ नं.</th><th>कार्य/उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम रु.</th></tr><tr><td>१४३</td><td>६ नं. वडा कार्यालय भवन नि.उ.स.</td><td>अघिल्लो बर्ष रु.४७,६७,०००।— खर्च भई अधुरो रहेकोमा यस बर्ष सम्पन्न</td><td>१२३३०००</td></tr><tr><td>३५१</td><td>७ नं. वडा कार्यालय भवन नि.उ.स.</td><td>अघिल्लो बर्ष प्रथम रनिङ बिलबाट रु.३२,६१,५००।— भुक्तानी भएकोमा यस बर्ष फाईनल विल भुक्तानी</td><td>७३८५००</td></tr><tr><td>३२७</td><td>४ नं. वडा कार्यालय भवन नि.उ.स.</td><td>यस वर्ष रु. ४० लाख बिनियोजित भई कार्य शुरुवात भएको</td><td>३८४२३५०</td></tr><tr><td>३५४</td><td>८ नं. वडा कार्यालय भवन नि.उ.स.</td><td>अघिल्लो बर्षको निरन्तरता</td><td>२१०००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>७९१३८५०</td></tr></table>	
२६			**उपभोक्ता समितिबाट खरिद** सार्बजनिक खरिद नियममावली, २०६४ को नियम ९७ अनुसार सामान खरिद कार्य उपभोक्ताबाट गराउन मिल्ने व्यवस्था गरेको देखिएन । खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धी बिधिबाट खरिद गर्नुपर्नेमा देहायको कार्यक्रम खरिद उपभोक्ता समितिबाट गर्नु नियमसंगत नदेखिएको रु. <table><tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>भुक्तानी पाउने</th><th>रकम रु.</th></tr><tr><td>११७-</td><td>डम्का खोला सिंचाई पाईप खरिद</td><td>पाईइ खरिद उपभोक्ता समिति-२</td><td>२५००००</td></tr></table>	७५६,८५३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३०२</td><td>समरसिबल पम्म, एचडिपि पाईप, जुट पाईप र तारजालि खरिद</td><td>बिर्बिरे लिफ्ट सिंचाई नि.उ.स.-९</td><td>१०८६५३</td></tr>
<tr><td>३१९</td><td>एचडिपि पाईप</td><td>खानेपानि व्यवस्थापन तथा पाईप खरिद उ.उ.-५</td><td>२०००००</td></tr>
<tr><td>४२४</td><td>एचडिपि पाईप</td><td>खानेपानी पाईप ट्याङ्की अन्य सामग्रि खरिद वितरण कार्यक्रम</td><td>१९८२००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७५६८५३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
उपभोक्ता समितिको भुक्तानीमा कर
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सम्झौता तथा कार्यमुल्यांकन अनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्दा नियमानुसार कुल भुक्तानी रकममा कर कट्टी गर्नुपर्नेमा मू.अ.कर बिल रकममा मात्र अग्रिम आयकर कट्टा गरी बांकि भुक्तानीमा कर कट्टा गरेको देखिएन । नमुना परीक्षण विधिबाट देहायको १२ उपभोक्ता समितिको परीक्षण गर्दा जम्मा रु. ९७,२६,६४४।- भुक्तानी हुँदा उपभोक्ता समितिबाट सामाजिक सुरक्षा करबापत छुट भएको रकम रु. ६३,४३५।- असुल गरी संघिय राजश्व खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>कुल भुक्तानी</th><th>करकट्टी गरेको (टिडिएस)</th><th>करकट्टी छुट (सासु कर)</th></tr>
<tr><td>१२९</td><td>महादेव खोला नेपाली टोल सडक नि.उ.स.</td><td>६०००००</td><td>३४३८</td><td>३४१०</td></tr>
<tr><td>१६६</td><td>पोखरे तामाङ छेदुङ स्तुपा उ.स.</td><td>२०००००</td><td>६००</td><td>१५४८</td></tr>
<tr><td>१८४</td><td>झगडे डाँडा बालोक सडक मर्मत उ.स.</td><td>३०००००</td><td>२०१</td><td>१३४२</td></tr>
</table>
</td><td>६३,५३५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>२१३</td><td>बोजिनी तामाङ टोल खानेपानी उ.स.</td><td>५०००००</td><td>३७१७</td><td>२२००</td></tr><tr><td>३०७</td><td>सिलाफारे खानेपानी तथा सरसफाई उ.स.</td><td>११६२१४१</td><td>०</td><td>११६२२</td></tr><tr><td>३०८</td><td>ठाडे खोरिया खानेपानी आयोजना नि.उ.स.</td><td>९८०९१३</td><td>०</td><td>९८०९</td></tr><tr><td>३५४</td><td>८ नं. वडा कार्यलय भवन निर्माण उ.स.</td><td>२१०००००</td><td>१५४२३</td><td>९३८८</td></tr><tr><td>३६५</td><td>जुकेपानी खानेपानी मर्मत उ.स.</td><td>५०००००</td><td>३४७०</td><td>२६१५</td></tr><tr><td>३८०</td><td>शंकर पार्क निर्माण उ.स.</td><td>११५००००</td><td>६०१३</td><td>६९७०</td></tr><tr><td>३९७</td><td>तारेभिर बाघखोर सडक नि.उ.स.</td><td>५५००००</td><td>३२६०</td><td>३०४४</td></tr><tr><td>४१०</td><td>रानीबन पहिरो नियन्त्रण उ.स.</td><td>१२९०१०९</td><td>६९६६</td><td>७६५३</td></tr><tr><td>४२८</td><td>सोती साधीखोला बनर्पु सीडक नि.उ.स.</td><td>३९३४८१</td><td>०</td><td>३९३४</td></tr><tr><td colspan="2">जम्मा</td><td>९७२६६४४</td><td>४३०८८</td><td>६३५३५</td></tr></table> पालिकाले उपभोक्ता समितिमार्फत गरेको सम्पुर्ण योजनाको भुक्तानी गर्दा सामाजिक सुरक्षा करबापत छुट भएको छ। लेखापरीक्षण गर्दा केही उपभोक्ता समितिको भुक्तानी मात्र हेरी नमुनाका रुपमा केही योजनाको मात्र रकम औल्याइएको छ। बाँकी योजनाको रकम पालिका आफैले एकिन गरी उक्त रकम असुल गरेर संघिय राजश्व खातामा दाखिला गर्नु पर्दछ	
२८			**रोयल्टीको रसिद** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम दफा ३९ को उपनियम (५) मा सरकारी खर्च गर्दा खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।गाउँपालिकाले निर्माण सामाग्रीको दर बिश्लेषण गर्दा बालुवा र गिटिमा प्रति घनमिटर रु.३५९.३४। दरले रोयल्टी समेत समाबेश गरेको छ। गिटि बालुवा प्रयोग हुने निर्माण कार्यमा रोयल्टी चार्ज तिरेको रसिद	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनिवार्य रुपमा उपभोक्ता समितिले पेश गर्नु पर्ने हुन्छ। तर कतिपय योजनाहरुको भूक्तानीमा उपभोक्ता समितिले रोयल्टी चार्ज तिरेको रसिद पेश नगरेको,पेश भएको कतिपय रसिदहरु गाउँपालिकाबाट प्रमाणित नभएको समेत देखियो। रसिद पेश नगर्ने वा प्रमाणित रसिद पेश नगर्ने निर्माण उपभोक्ता समितिको भुक्तानीमा रोयल्टी चार्ज बापतको रकम कट्टा समेत गरेको छैन। दर बिश्लेषणमा समाबेश गरिसेके पछि अनिवार्य रुपमा रसिद पेश हुनुपर्दछ।	
२९			**वडा कार्यालय संचालन खर्च** गाउँपालिकाको प्रत्येक वडामा महिनामा ३ वटा वडा समितिको बैठक बापत खाजा खर्च र बैठकको भत्ता समेत मासिक रु.२००००।०० भुक्तानी गरेको छ। बैठकको माईन्युट हेर्दा बैठक बस्नुपर्ने स्पष्ट आधार र औचित्यविना वडा कार्यालयको नियमित प्रक्रितिका कार्यमा बैठक बसि विविध खर्च तथा भत्ता रकम भुक्तानी भएको हुदा यसलाई पालिकाले नियन्त्रण गरी खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।	
३०			**कर दाखिला नभएको** आयकर ऐन,२०५८ को दफा ८९ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने तथा कट्टी गरेको रकम दफा ९० अनुसार तोकिएको समयावधिभित्र दाखिला गरिसक्नुपर्ने उल्लेख छ। पालिकाले गो.भौ नं.३०९।२०७८।११।३० बाट वडा नं ४ मा सिर्जनसिल महिला शक्ति आमा समुहले संचालन गरेको कार्यक्रममा पारिश्रमिक तथा ढुवानि खर्च भुक्तानीमा कर कट्टी गरी भुक्तानी दिएकोमा दाखिला नभएको रकम दाखिला गर्नुपर्ने रु.	७,५००
३१			**दाखिला**	७४,९९३

सि.नं.	**विवरण**	**दाखिला गर्नुपर्ने कर**
१	बहालकर	१७५०
२	पारिश्रमिक कर	५७५०
जम्मा		**७५००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार खरिद गरेका सामान दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले गो.भौ.नं. ३१७।२०७८।१२।०४ बाट वडा नं. ४ कार्यालयले स्वयम सेविका सम्मान कार्यक्रम खर्च शिर्षकबाट रु.२८८७ का दरले १८ वटा सामसुङ मोवाईल र १८ वटा टर्च लाईट समेत गरी जम्मा रु.७४९९३। मा खरिद गरी वितरण गरेको छ । उक्त खरिद गरेको सामानहरु जिन्सी किताबमा अभिलेख समेत गरेको छैन । उक्त सामानहरु दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु	
३२			**सम्झौता नगरी परामर्श सेवा भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । यस कार्यालयलेगो.भौ.नं. २७८।२०७८।११।१५ बाट कानूनी सल्लाहकार राजेन्द्र नारायण श्रेष्ठलाई सम्झौता नगरी २०७८ श्रावण १ देखि २०७८ माघ मसान्तसम्म मासिक रु.२५०००।०० को दरले रु.१७५०००।०० तलव भुक्तानी दिएको छ। संझौता नगरि तलव भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु.	१७५,०००
३३			**प्रमाण पेश गर्नुपर्ने** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले गो.भौ.नं.२९३।२०७८।११।२५ बाट २०७८।१०।२० देखि २०७८।११।०१ सम्म जगन्नाथ पकुवालको होटलमा आँखा शिविर संचालन भएको भनि खाजा नास्ता खर्च बापत रु.१७५३५०।०० सोधभर्ना भुक्तानी दिएको र यस सम्बन्धमा शिविर संचालन कार्यक्रमलाई पुष्टयाई गर्ने स्पष्ट प्रमाणहरु नदेखिएको हुँदा कार्यक्रम संचालन भएको प्रमाणहरु कार्यालयले पेश गर्नु पर्दछ।	
३४			**सामान मौज्दातको अवस्था** गो.भौ.नं.३४४।२०७८।१२।२१ बाट ८ नम्बर वडा कार्यालयले विपद व्यवस्थापन कार्यक्रम शिर्षकबाट के एण्ड के मल्टि ट्रेडर्समार्फत रु.१९४७। का दरले ९० थान त्रिपाल खरिद गरी राखेको छ। यसरी विपद व्यवस्थापन शिर्षकबाट आवश्यकताको पहिचान नै नगरी खरिद गरी स्टक राख्नु नियमसँगत नहुने हुँदा यसतर्फ कार्यालयले ध्यान दिनु पर्दछ।	
३५			**फरक शिर्षकबाट खर्च**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या२०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसारको रकम फरक परेको छ। शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गर्नु हो। शिर्षक फरक पारी खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>खर्च लेखेको शिर्षक</th><th>खर्च लेख्नु पर्ने शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सवारी चालक कृष्ण थामिलाई गाडि भाडा भुक्तानी</td><td>पदाधिकारी अन्य भत्ता</td><td>सवारी साधन तथा मेसिनरी औजार भाडा</td><td>९१०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>९१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
टुक्रा पारी खरिद
सार्वजनकि खरदि ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरीद नियमावलीमा रु.५ लाख (संसोधन पश्चात रु १० लाख) सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको कामलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमित नदेखिएको रु
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>खरिदको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>114 । 2078-08-22</td><td>ऐश्वर्या स्टेसनरीलाई मसलन्द सामान खरिदको विलभुक्तानी</td><td>४२३५८०</td></tr>
<tr><td>115 । 2078-08-22</td><td>महालक्ष्मी ट्रेड कन्सन लाइ मसलन्द सामान खरिदकोविल भुत्तानी</td><td>३८०८८९</td></tr>
<tr><td>144 । 2078-09-16</td><td>वडा न ३ सचिव झरण केसीलाई कार्यालय सामान खरिदकोविल भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>150 । 2078-09-19</td><td>वडा न २ का मान बहादुर पाण्डेलाई कार्यालय सामानखरिदको रकम भुक्तानी</td><td>१०००००</td></tr>
</table>
</td><td>४,३१५,६२४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>170 । 2078-09-21</td><td>वडा न ५ को कार्यालय सामान खरिदको बन्दना मल्ललाईभुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>217 । 2078-10-11</td><td>वडा कार्यालय संचालन खर्च वडा ६ खेल बहादुरथामीलाई रकम भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>220 । 2078-10-17</td><td>रमा देवि ओली लाइ वडा नं ४ को कार्यालय सामान खरिदको रकमभुक्तानी</td><td>१२००००</td></tr>
<tr><td>271 । 2078-11-10</td><td>वडा न ७ को कार्यालय सामान खरिदको रामशरण ओलीलाई भुक्तानी</td><td>१२००००</td></tr>
<tr><td>281 । 2078-11-18</td><td>ऐश्वर्या स्टेसनरीलाई मसलन्द सामान खरिदको विलभुक्तानी</td><td>३२५३८३</td></tr>
<tr><td>314 । 2078-12-02</td><td>कुल बहादुर कुलुङलाई कार्यालय सामाग्र खरिदको विलभुक्तानी</td><td>१२००००</td></tr>
<tr><td>429 । 2079-01-17</td><td>महालक्ष्मी ट्रेड कन्सन लाइ मसलन्द सामान खरिदकोविल भुत्तानी</td><td>३३२२७९</td></tr>
<tr><td>504 । 2079-02-25</td><td>वडा नं. ३ को वडा कार्यालय सञ्चालन खर्च सन्देशमहतोलाइ भुक्तानी</td><td>१०००००</td></tr>
<tr><td>572 । 2079-03-16</td><td>कुल बहादुर कुलुङलाई कार्यालय सामाग्र खरिदको विलभुक्तानी</td><td>१२००००</td></tr>
<tr><td>646 । 2079-03-23</td><td>ऐश्वर्या स्टेसनरीलाई मसलन्द सामान खरिदको विलभुक्तानी</td><td>५४७८३४</td></tr>
<tr><td>702 । 2079-03-25</td><td>कोहिनुर ट्रेडर्स एण्ड सप्लायर्सबाट मसलन्द सामानखरिदको विल भुक्तानी</td><td>४९५०५३</td></tr>
<tr><td>६५८ । 2079-03-24</td><td>महालक्ष्मी ट्रेडर्सएण्ड सप्लायर्सलाई कार्यालय समानको विल भुक्तानी</td><td>८३०६०६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४३१५६२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>दोहोरो भुक्तानी</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय भत्ता उपलब्ध गराउने पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन भ्रमण खर्च उपलब्ध गराउँदा भ्रमण अवधिको स्थानीय भत्ता कटाई बाँकी भुक्तानी दिनु पर्ने हुन्छ। यस कार्यालयले भ्रमण अवधिको स्थानीय भत्ता नघटाई भ्रमण खर्च भुक्तानी दिएको दोहोरो पर्न गएको हुँदा कार्यालयले स्थानीय भत्ता कटाई बाँकी रकम भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ।	
३८			**महंगि भत्ता भुक्तानी** अर्थ मन्त्रालयको च.नं. १७१९ मिति २०७९।०१।१९ गतेको पत्र मार्फत करारमा कार्यरत कर्मचारीहरुलाई मंहगि भत्ता उपलब्ध गराउने सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था नभएकोले करारमा कार्यरत कर्मचारीहरुलाइ महंगि भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा उल्लेख गरेको छ। उक्त निर्णय विपरित यस गाउँपालिकाले तपशिल बमोजिमका कर्मचारीहरुलाई रु.१९६८०००।०० महंगि भत्ता उपलब्ध गराएको छ। पालिकाले नियम विपरित महंगी भत्ता उपलव्ध गराएको कारण थप व्ययभार परेको रु	१,९६८,०००

सि नं.	पद	कर्मचारीको नाम	मंहगि भत्ता भुक्तानी
1.	सव ईन्जिनियर	नन्द प्रसाद शिवाकोटी	24000
2.	कम्प्युटर अपरेटर	राम ब ओली	24000
3.	असिष्टेन्ट सव ईन्जिनियर	कृष्ण प्र. शिवाकोटी	24000
4.	सहायक कम्प्युटर अपरेटर	नवीन प्रसाद सुबेदी	24000
5.	अमिन	शिवहरी सेढाई	24000
6.	असिष्टेन्ट सव ईन्जिनियर	प्रकास थामी	24000
7.	कम्प्युटर अपरेटर	खड्क बहादुर थामी	24000
8.	हे स चा	सिताराम थापा	24000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			9.	हे स चा	दिपेश थामी	24000	
			10.	हे स चा	कुमार थामी	24000	
			11.	ह स चा	उपेन्द्र घिमिरे	24000	
			12.	ह स चा	कुमार थापा	24000	
			13.	कार्यालय सहयोगि	नन्द माया शिवाकोटी	24000	
			14.	कार्यालय सहयोगि	विनोद आचार्य	24000	
			15.	सहायक हे स चा	गौरी थामी	24000	
			16.	ह स चा	कृति बहादुर थामि	24000	
			17.	पोषण स्वयमसेवक	सलिना ओलि	24000	
			18.	कार्यालय सहयोगि	वसन्त थामी	24000	
			19.	कार्यालय सहायक	रामजि प्र. शिवाकोटी	24000	
			20.	कार्यालय सहायक	शिवलाल श्रेष्ठ	24000	
			21.	कार्यालय सहायक	मान ब. पाण्डे	24000	
			22.	कार्यालय सहायक	राजु अर्याल	24000	
			23.	कार्यालय सहायक	हरि ब खत्रि	24000	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

24.	कार्यालय सहायक	रुपेश घिमिरे	24000
25.	कार्यालय सहायक	सविन थामी	24000
26.	कार्यालय सहायक	खेल ब थामी	24000
27.	कार्यालय सहयोगि	मैंया थामी	24000
28.	कार्यालय सहयोगि	संगीता थामी	24000
29.	कार्यालय सहायक	दिपक खरेल	24000
30.	कार्यालय सहयोगि	ईश्वर तमाङ	24000
31.	कार्यालय सहयोगि	अमृत ब. बुढाथोकी	24000
32.	कार्यालय सहायक	पदम राज शिवाकोटी	24000
33.	कार्यालय सहयोगि	डम्बर बहादुर बयलकोटी(शार्की)	24000
34.	कार्यालय सहायक	देवि प्रसाद प्रसाई	24000
35.	कार्यालय सहायक	उद्घब साहि	24000
36.	कार्यालय सहयोगि	पलमाया थामी	24000
37.	कार्यालय सहयोगि	ईश्वरी पाण्डे	24000
38.	अहेव	लोक कुमारी श्रेष्ठ	24000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			39.	अनमि	विद्या जिरेल	24000	
			40.	कार्यालय सहयोगि	अस्मिता जिरेल	24000	
			41.	कार्यालय सहयोगि	भक्तमाया खडका	24000	
			42.	कार्यालय सहयोगि	तुलसा मैनाली	24000	
			43.	अनमि	सजना खडका	24000	
			44.	अनमि	सुशिला सेढाई	24000	
			45.	कास	पुजा बुढाथोकि	24000	
			46.	अनमि	सारदा उप्रेति	24000	
			47.	अहेव	सविना लामा	24000	
			48.	अहेव	चेतना पाण्डे	24000	
			49.	अनमि	संगिता भण्डारी	24000	
			50.	अनमि	सरिता गहतराज	24000	
			51.	कास	ज्ञान बहादुर खत्री	24000	
			52.	हे अ	रुपेश खड्का	24000	
			53.	अनमि	माया तामाङ	24000	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

54.	कास	तिर्थ बहादुर थामि	24000
55.	अनमि	अस्मिता आचार्य	24000
56.	अहेव	विमा सिवाकोटि	24000
57.	अहेव	दिपेन्द्र खत्री	24000
58.	अनमि	मन्दिर शिवाकोटि	24000
59.	कास	टपिन्द्र बहादुर कार्की	24000
60.	अनमि	अप्सरा अर्याल	24000
61.	कास	भक्त बहादुर कार्की	24000
62.	हे.अ	रामायण अधिकारी	24000
63.	हे.अ	अस्मिता रायमाझि	24000
64.	अ.हे.ब	शारदा शिवाकोटी	24000
65.	रेडियोग्राफर	दुर्गा बस्नेत	24000
66.	फार्मेसी सहायक	मार्टिन खड्का	24000
67.	ल्याटे	गौरी खड्का	24000
68.	अ.न.मी.	सुजता शिवाकोटी	24000

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>69.</td><td>अ न मी</td><td>पुस्पा थापा</td><td>24000</td></tr>
<tr><td>70.</td><td>अ न मी</td><td>सबु के सी</td><td>24000</td></tr>
<tr><td>71.</td><td>ल्याब अ</td><td>पुजा बानिया</td><td>24000</td></tr>
<tr><td>72.</td><td>का.स.</td><td>राम खत्री</td><td>24000</td></tr>
<tr><td>73.</td><td>का.स</td><td>शान्ता खरेल(शिवाकोटी)</td><td>24000</td></tr>
<tr><td>74.</td><td>का.स.</td><td>संगीता शिवाकोटी</td><td>24000</td></tr>
<tr><td>75.</td><td>का.स</td><td>कबिता पाण्डे</td><td>24000</td></tr>
<tr><td>76.</td><td>का.स</td><td>गौरी थामी</td><td>24000</td></tr>
<tr><td>77.</td><td>मेडिकल अधिकृत</td><td>ऋषिकेश चौधरी</td><td>24000</td></tr>
<tr><td>78.</td><td>वैद्य</td><td>ममता शाह</td><td>24000</td></tr>
<tr><td>79.</td><td>कास</td><td>बालकेश थामि</td><td>24000</td></tr>
<tr><td>80.</td><td>कास</td><td>निकिता थामि</td><td>24000</td></tr>
<tr><td>81.</td><td>पशु प्राविधिक</td><td>मिलन मगर</td><td>24000</td></tr>
<tr><td>82.</td><td>कृषि प्राविधिक</td><td>शान्ति खडका</td><td>24000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९६८०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>खेलकुदमा खर्च
यस गाउँपालिकाले गो.भौ.नं. ४८० बाट अध्यक्षकप खेलकुद कार्यक्रमको लागि रु.५२८६११।०० लगाएत विभिन्न समयमा रु.२००००००।०० खेलकुद कार्यको लागि खर्च गरेको छ। खर्चका प्रमाण हेर्दा खर्चलाई पुष्टि गर्ने पर्याप्त कागजात संलग्न गरेको छैन। खर्चका अधिकाँश विल भरपाई हेर्दा खाजा नास्ता, ट्र्याकसुट, जर्सी लगाएत खेलकुद सामाग्री खरिदका छन । यि खेलकुद सामाग्री सम्बन्धितलाई बुझाएको भरपाई र खेललाई पुष्टयाई गर्ने फोटोहरु समेत संलग्न छैन। खर्चलाई पुष्टयाइँ गर्ने प्रयाप्त प्रमाणहरु संलग्न गरेर मात्र भुक्तानी दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर दाखिला नगरेको
मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले मुल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले मुअकर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>भुक्तानी कर्ताको नाम</th><th>भ्याट बाहेक रकम</th><th>मु.अ.कर</th></tr>
<tr><td>१</td><td>सवारी साधन मर्मत</td><td>ट्रयाक्टर्स नेपाल प्रा.लि.</td><td>२१३८७८।७६</td><td>२७८०४।२४</td></tr>
<tr><td>२</td><td>त्रिपाल खरिद</td><td>महालक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स</td><td>४०५०००।००</td><td>५२६५०।००</td></tr>
<tr><td>३</td><td>मसलन्द खरिद</td><td>ऐश्वर्य स्टेशनरी सेन्टर, अर्डर एण्ड सप्लायर्स</td><td>३७४८४९।५६</td><td>४८७३०।४४</td></tr>
</table></td><td>१२९,१८४</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>करारमा पदपुर्ती
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा ४ मा नगर प्रहरी, सवारी चालक, माली, वगैचे, चौकिदार, कार्यालय</td><td>७,०७७,९८०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। तर पालिकाले यस वर्ष सेवा करारमा राख्न नपाइने कर्मचारीलाइ मात्र रु.७०७७९८०।०० भुक्तानी दिएको अवस्था छ। स्थानीय सरकार वनेको ५ वर्ष पुरा भएको, यस अवधिमा शुरु वर्ष लोकसेवा आयोग (संघ) वाट पदपुर्ति भएको तथा पटक पटक प्रदेश लोकसेवा आयोगवाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपुर्ति तर्फ नलागी करार सेवालाई निरन्तरता दिनु भनेको गलत अभ्यासलाई संस्थागत गर्नु हो। अतः ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी खर्च गरेको रु.७०७७९८०।-नियमसम्मत नदेखिएको रु	

सि नं.	पद	कर्मचारीको नाम	मासिक तलव	चाडपर्व समेत वार्षिक तलव
1.	सव ईन्जिनियर	नन्द प्रसाद शिवाकोटी	३०२००	392600
2.	कम्प्युटर अपरेटर	राम ब. ओली	३०२००	392600
3.	असिष्टेन्ट सव ईन्जिनियर	कृष्ण प्र. शिवाकोटी	२८६१०	371930
4.	सहायक कम्प्युटर अपरेटर	नवीन प्रसाद सुबेदी	२८६१०	371930
5.	अमिन	शिवहरी सेढाई	२८६१०	371930
6.	असिष्टेन्ट सव ईन्जिनियर	प्रकास थामी	२८६१०	371930
7.	कम्प्युटर अपरेटर	खड्क बहादुर थामी	२८६१०	371930
8.	प्राविधिक सहायक	धिरज के सि	३०२००	392600

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

9.	कार्यालय सहायक	रामजि प्र. शिवाकोटी	२१०००	273000
10.	कार्यालय सहायक	शिवलाल श्रेष्ठ	२१०००	273000
11.	कार्यालय सहायक	मान ब. पाण्डे	२१०००	273000
12.	कार्यालय सहायक	राजु अर्याल	२१०००	273000
13.	कार्यालय सहायक	हरि ब खत्रि	२१०००	273000
14.	कार्यालय सहायक	रुपेश घिमिरे	२१०००	273000
15.	कार्यालय सहायक	सविन थामी	२१०००	273000
16.	कार्यालय सहायक	खेल ब थामी	२१०००	273000
17.	कार्यालय सहायक	दिपक खरेल	२१०००	273000
18.	कार्यालय सहायक	पदम राज शिवाकोटी	२१०००	273000
19.	कार्यालय सहायक	देवि प्रसाद प्रसाई	२१०००	273000
20.	कार्यालय सहायक	उद्घब साहि	२१०००	273000
21.	पशु प्राविधिक	मिलन मगर	३०२००	392600
22.	कृषि प्राविधिक	शान्ति खडका	२८६१०	371930
जम्मा				**७०७७९८०**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>विपद व्यवस्थापन कोषबाट खर्च
यस गाउँपालिकाले विपद व्यवस्थापन कोषबाट रु.२४३११८७।०० खर्च गरेको छ। यसको खर्चको प्रक्रति हेर्दा अधिकाँश विल भरपाईहरु आर्थिक सहायता भुक्तानीमा खर्च लेखेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको नरहेको अवस्थामा यसरी सहायताका नाममा रकम वितरण गर्नु नियमसम्मत देखिएन।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>पारिश्रमिक कर
आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारीवाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयका निम्नानुसारका कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>पद</th><th>वार्षिक आय</th><th>जम्मा छुट रकम</th><th>करयोग्य आय</th><th>तिर्नुपर्ने कर</th><th>तिरेको कर</th><th>बाँकी कर</th></tr>
<tr><td>शम्भु प्रकाश शर्मा</td><td>अधिकृत</td><td>622,879.00</td><td>151,844.00</td><td>471,035.00</td><td>6603.5</td><td>4329.2</td><td>2274.29</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>2274.29</td></tr>
</table></td><td>२,२७४.२९</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>थप पाठ्यपस्तक
प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष ५१ विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको ७५ प्रतिशत अनुदान दिई नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको संख्या सत्यापन नगराई पाठ्यपुस्तक बापत नपुग रकम भनी रु.११५४८३०/÷ थप निकासा दिएको छ । मुलुकभर केही समय कोभिड १९ को बन्दाबन्दीको कारण शैक्षिक सत्र २०७९ समयमा शुरु हुन नसकेको, विद्यार्थी भर्ना नभएको, आइ.ई.एम.आइ.एस.मा तथ्यांक प्रविष्ट नभएको अवस्थामा समेत विद्यालयलाई थप निशुल्क पाठ्यपुस्तक रकम अनुदान दिएकोले सो खर्चको पुष्ट्याइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>१,१५४,८३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>दिवाखाजा वितरण
वित्तीय हस्तान्तरण मार्फत शशर्त अनुदानमा पाएको रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्दछ । पालिकाले यो वर्ष दिवा खाजा वितरण कार्यक्रम संचालन गर्न विद्यालयले भरेको EMIS को आधारमा रकम निकासा गरेको भएतापनि विद्यालयगत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरेको पाइएन। विद्यालयहरुले दिवा खाजा उपलब्ध गराए पश्चात विद्यार्थीको दैनिक हाजिरीको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट प्रमाणित गराई संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिन सकिने र यसरी निकासा भएको रकमको सदुपयोगको सुनिश्चितताका लागि अनुगमन गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिका अन्तर्गतका ५१ विद्यालयहरुलाई दिवाखाजा बापत १८० दिनको लागि रु.८६९४९४५।-निकासा गरेकोमा अधिकांश विद्यालयले विद्यार्थी उपस्थितिको अभिलेख नपठाएको र केही विद्यालयको हाजिरी विवरण हेर्दा विद्यार्थी अनुपस्थित रहेको अवस्थामा समेत सत प्रतिशत रकम निकासा गएको पाइएकोले दिवा खाजा रकमको वितरणको अवस्था एकिन गरी विवरण पेश गर्नुपर्ने देखिएको रु</td><td>८,६९४,९४५</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>बढी भुक्तानी
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालयहरुलाई अनुदान दिंदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा आवश्यक संख्या यकिन गरी रकम अनुदान दिनुपर्दछ। पालिकाले देहायको शीर्षकवाट ३३ विद्यालयहरुलाई रकम निकासा दिंदा IEMIS मा प्रविष्ट तथ्यांक भन्दा बढी हुनेगरी निकासा दिएको पाइएकोले बढी निकासा दिएको रु.३७१२९९।-सम्बन्धित विद्यालयवाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं.र मिति</th><th>शीर्षक</th><th>निकासा रकम</th><th>IEMIS मा प्रविष्ट तथ्यांकको आधारमा निकासा हुनुपर्ने रकम</th><th>बढी निकासा रकम</th></tr>
<tr><td>३०-२०७८/८/१४</td><td>प्रति विद्यार्थी लागतका आधारमा अनुदान</td><td>१४२७१८५</td><td>१३७८१००</td><td>४९०८५</td></tr>
<tr><td>३००-२०७९/३/२३</td><td>छात्रवृत्ति रकम</td><td>८८७३०१</td><td>८१३४००</td><td>७३९०१</td></tr>
</table></td><td>३७१,२९९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८७-२०७९/१/१७</td><td>निशुल्क पाठ्यपुस्तक प्रथमपटक ७५ प्रतिशत</td><td>२२३३८८१</td><td>२११३४१३</td><td>१२०४६८</td></tr>
<tr><td>८२-२०७८/१०/२१
२१८-२०७९/२/२७
२९१-२०७९/३/२१</td><td>दिवा खाजा(३१७३ जना*१८० दिन* रु.१५)</td><td>८६९४९४५</td><td>८५६७१००</td><td>१२७८४५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३७१२९९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सेनिटरी प्याड वितरण
विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ। पालिकाले सेनिटरी प्याड सम्बन्धित कार्यविधिको अनुसूचीमा उल्लेख भए अनुसारको न्यूनतम मापदण्डको पालना समेत नगरी यस आ.ब.मा ५१९१७प्याकेट सेनिटरी प्याड खरिद गरी रु.१३५५१३५।- खर्च गरेको छ। पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन। कोभिड-१९ को कारणले विद्यालय बन्द भएको अवस्थामा ती सामान खरिद गर्नुपर्ने अवस्था नदेखिएको तथा लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा ह्रास हुने अवस्था रहेको समेत देखिएको छ। वास्तविक आवश्यकताको आधारमा मापदण्ड अनुसारको खरिद नहुँदा खर्चमा मितव्ययिता तथा गुणस्तर कायम राखेको पाइएन। तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु...</td><td>१,३५५,१३५</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>शीर्षक फरक पारी खर्च
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको</td><td>३६७,८०१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। विनियोजित बजेट सम्बन्धित खर्च शीर्षकको अधिनमा रहि खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । फरक शीर्षकमा खर्च गरेको रु.३६७८०१/- नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>भौचर नं. र मिति</th><th>खर्च लेखेको शीर्षक</th><th>खर्च लेख्नुपर्ने शीर्षक</th><th>रकम रु</th></tr>
<tr><td>३०८-२०७९।३।२३</td><td>दिवा खाजा</td><td>सार्वजनिक विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति</td><td>३६७८०१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>विद्यालय संचालन तथा व्यवस्थापन अनुदान
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालयहरुलाई विद्यालय संचालन तथा व्यवस्थापन अनुदान निकासा गर्दा आधारभुत तह र माध्यामिक तह संचालनमा रहेका विद्यालयहरुको कायम दरका आधारमा रकम निकासा दिनुपर्ने उल्लेख छ । गाउँपालिकाले देहायको वालविकास केन्द्रलाई समेत आधारभुत तथा माध्यामिक तहले पाउने संचालन तथा व्यवसथापन अनुदान निकासा गरेको पाइएकोले दिन नमिल्ने उक्त रकम असुल गरी दाखिला हुनुपर्ने रु
<table>
<tr><th>वालविकास केन्द्रको नाम</th><th>संचालन तथा व्यवस्थापन</th><th>विद्यालय सुधार योजना</th><th>सामाजिक तथा आर्थिक लेखापरीक्षण</th><th>जम्मा रकम</th></tr>
<tr><td>निको भगवती वालविकास केन्द्र</td><td>१५०००</td><td>१५०००</td><td>१००००</td><td>४००००</td></tr>
</table></td><td>४०,०००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>औषधी खरिद
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस गाउँपालिकाले उक्त प्रक्रियावेगर ससर्त शिर्षकबाट बासुकी मेडिसिन सप्लायर्सबाट रु.१०९७४०४।- र गापा चालुबाट रु.४९९७४१।- गरी कुल रु.१५९७१४५।-को औषधि खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः
खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. वाट सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको। • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। • जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको। • औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
५१			**बढी भुक्तानी** भौ.नं १५४-२०७८/१२/२१ किसान सुचिकरण कार्यविधि, २०७७ अनुसार पालिका भित्र ३००१ भन्दा बढी घरधुरी भएमा प्रति घरधुरी सर्वेक्षण बापत रु.७५।-का दरले रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ। कार्यालयले घरधुरी सर्वेक्षण कार्यको लागि गणकहरु नियुक्ति गरी कार्य गराएको पाइयो । पालिका भित्र ४४१८ घरधुरी किसान रहेकोमा १८०० घरधुरीको मात्र सर्वेक्षण गरेको विवरण पेश भएको छ । सो विवरण अनुसार प्रति घरधुरी सर्वेक्षण बापत रु.७५।-का दरले रु.१३५०००।-खर्च लेख्नुपर्नेमा रु.१२५।-का दरले रु.२२५०००।-खर्च लेखेकोले बढी खर्च लेखेको रु.९००००।-सम्बन्धितवाट असुल गरी दाखिला हुनुपर्ने रु	९०,०००
५२			**एक रुपताका लागि खरिद** सार्वजनकि निकायकाले कार्यक्रम संचालन गर्नुपर्दा औचित्य र मितव्ययिताको हिसाबमा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले अन्तगर्तका ५१ विद्यालयका लागि अंग्रेजी माध्यमको पुस्तक साझेदारी कार्यक्रमवाट गत वर्षको रु.१५६०९३९।-र यस वर्षको रु.८४९९८९।-गरी जम्मा रु.२४१०९२०।-विद्यालयलाई निकासा गरेको छ। पालिकाले पाठ्यक्रममा एकरुपता ल्याउन र खरिद कार्यलाई नियमसम्मत बनाउन	२,४१०,९२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पुस्तक छपाई गरि वितरण गर्दा प्रभावकारी हुने देखिन्छ। विद्यालयलाई निकासा भएको रकमको कार्यक्रमले लिएको लक्ष्य अनुरुपको कार्य भए नभएको अनुगमन समेत भएको पाइएन। तसर्थ कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना गरी सामाग्री खरिद गरी वितरण हुनुपर्नेमा रकम नै विद्यालयको खातामा निकासा भएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.	
५३			**चाडपर्व खर्च** सामान्य प्रशासन मन्त्रालयको च.नं २१७ मिति २०७४।१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकर मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिलाई मात्र आर्थिक वर्ष २०७४।७५ वाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा कार्यालयले देहायका पदमा करारमा भर्ना गरी निजहरुलाई ६ महिना करार सेवा अधवि नपुग्दै चाडपर्व खर्च भुक्तानी गरेको पाइयो। यसरी कर्मचारीले पाउने सुविधा सम्बन्धमा मन्त्रालयले दिएको निर्देशन विपरित चाडपर्व खर्च भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु	३०४,८६०

सि.नं	कर्मचारीको नाम	विद्यालय	नियुक्ति मिति	चाडपर्व रकम
१	निमाशि अनु थामी	जनज्योति मावि	२०७८/६/४	२८६१०
२	निमाशि रविन थामी	जनज्योति मावि	२०७८/३/२९	२८६१०
३	माशि हेमन्त बम	हिलेपानी मावि लामिडाँडा	२०७८/६/३	३७९९०
४	माशि नविन खड्का	हिलेपानी मावि लामिडाँडा	२०७८/६/३	३७९९०
५	निमाशि रिजन सिवाकोटी	ताम्राकौशिका आवि	२०७८/४/२९	२८६१०
६	निमाशि सविता खत्रि	निको ससमाई प्रावि	२०७८/४/२५	२८६१०
७	निमाशि सरस्वती मैनाली	सुर्योदय प्रावि	२०७८/४/२४	२८६१०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>निमाशि सुवास थापा</td><td>बालोदय मावि</td><td>२०७८/१/१</td><td>२८६१०</td></tr>
<tr><td>९</td><td>निमाशि केदार खतिवडा</td><td>दिव्यश्वरी आवि</td><td>२०७८/४/४</td><td>२८६१०</td></tr>
<tr><td>१०</td><td>निमाशि अन्जना थापा</td><td>दिव्यश्वरी आवि</td><td>२०७८/६/५</td><td>२८६१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३०४८६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>विद्यालय भौतिक पुर्वाधार
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यकताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। आ.व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>बिद्यालयको नियमन
स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ। पालिकाले आफ्नो मातहातका सामुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>२०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>शैक्षिक प्रतिवेदन
अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले गाउँ/नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ। पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>पारिश्रमिक कर
आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक भुक्तानी गर्दा तोके बमोजिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारका कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा पूर्ण रुपमा कर हिसाब गरी कर कट्टा तथा दाखिला गरेको पाइएन। तसर्थ निम्नानुसारको नपुग कर रु.२३७१३८।- असुल गरी दाखिला हुनुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>जम्मा आय</th><th>जम्मा कट्टी</th><th>खुद आय</th><th>लाग्ने कर</th><th>कट्टी कर</th><th>नपुग कर</th></tr>
<tr><td>१</td><td>डा.ऋषिकेश चौधरी</td><td>मे.अ.</td><td>१२२३८७०</td><td>०</td><td>१२२३८७०</td><td>१७६६७१</td><td>१२१०३</td><td>१६४५६८</td></tr>
<tr><td>२</td><td>डा.अंकुर पौडेल</td><td>मे.अ.</td><td>७०६८०५</td><td>१२८२६८</td><td>५७८७३७</td><td>२०२०७</td><td>४५००</td><td>१५७०७</td></tr>
<tr><td>३</td><td>सुशिल कुमार श्रेष्ठ</td><td>सि.अ.हे.व.</td><td>८५६५७०</td><td>१९७२५६</td><td>६५९३१४</td><td>३६३६२</td><td>४५००</td><td>३१८६२</td></tr>
<tr><td>४</td><td>टेक बहादुर राउत</td><td>सि.अ.हे.व.</td><td>७२७६६३</td><td>१२५१००</td><td>६०२५६३</td><td>२५०१२</td><td>४५००</td><td>२०५१२</td></tr>
</table></td><td>२३७,१३८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>धिरेन्द्र कुमार चौधरी</td><td>ज.स्वा.नि</td><td>६६८७०४</td><td>१७३८१२</td><td>४९४८९२</td><td>८९८९</td><td>४५००</td><td>४४८९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४१८३६१२</td><td>६२४४३६</td><td>३५५९३७६</td><td>२६७२४१</td><td>३०१०३</td><td>२३७१३८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
खर्चको पुष्टयाई
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिंदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो। तसर्थ सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.
<table>
<tr><td>गो.भौ.र मिति</td><td>खर्चको विवरण</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>६९९-207९।३।२५</td><td>गाडी भाडा</td><td>५१०००</td><td>के कुन प्रयोजनको लागि सवारी भाडामा लिइएको सो खुल्ने प्रमाण नभएको, स्वीकृत आदेश र सम्झौता समेत नभएको।</td></tr>
<tr><td>७०४-207९।३।२४</td><td>सर्भर सेटअप</td><td>४८४२०५</td><td>खरिद सर्भर सामान जिन्सीमा दाखिला नभएको साथै उक्त सामान जडान र प्रयोगको अवस्था नदेखिएको।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५३५२०५</td><td></td></tr>
</table>
</td><td>५३५,२०५</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>
महंगी भत्ता
सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकर मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिलाई मात्र आर्थिक वर्ष २०७४।७५ वाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन
</td><td>७२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्देशन गरेकोमा कार्यालयले देहायका दरबन्दी भित्र रहेका पदमा करारमा भर्ना गरी निजहरुलाई स्थायी कर्मचारी सरह महंगी भत्ता भुक्तानी गरेको पाइयो। सघीय हस्तान्तरित कार्यक्रमवाट खर्च गर्दा संघीय कानून लागू गर्नुपर्नेमा नगरी मन्त्रालयको परिपत्र विपरित महंगी भत्ता भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>सि.नं</th><th>कर्मचारीकोनाम</th><th>पद</th><th>अवधि</th><th>दर</th><th>भुक्तानीरकम</th></tr>
<tr><td>१</td><td>ममता शाह</td><td>बैद्य</td><td>१२ महिना</td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>२</td><td>बालकेश थामी</td><td>का स</td><td>१२ महिना</td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td>३</td><td>निकिता थामी</td><td>का स</td><td>१२ महिना</td><td>२०००</td><td>२४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>प्रविधि हस्तान्तरण
लघु उद्यमीलाई बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यावसायिक योजना अनुसार कार्यक्रम र बजेटको परिधिभित्र रही लघु उद्यमी, लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने व्यवस्था गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा रहेको छ । यसरी हस्तान्तरण भएका प्रविधिहरुको कुल अंकको कम्तीमा वीस प्रतिशत रकम उद्यमीलाई जम्मा गर्न लगाउनु पर्नेमा कार्यालयवाट देहायको सामान रु.५९७२०५/- मा खरिद गरी हस्तान्तरण गर्दा खरिद मुल्यको वीस प्रतिशतले हुने रु.११९६४०/- संघीय राजस्वमा दाखिला गरेको प्रमाण हुनुपर्ने रु...
<table>
<tr><th>भौ नं.र मिति</th><th>खरिद सामान</th><th>खरिद रकम</th><th>वीस प्रतिशतले हुने रकम</th></tr>
<tr><td>१२०-२०७८/११/१६</td><td>सोलिङ मेसिन सेट १
हेण्ड सोलिङ मेसिन १</td><td>२१५०३</td><td>४३००</td></tr>
</table></td><td>११९,६४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२७८-२०७८९/३/२०</td><td>सिन्के चाउमिन बनाउने मेसिन</td><td>१२००००</td><td>२४०००</td></tr>
<tr><td>१६१-२०७८/१२/२४</td><td>ड्रम, जस्ता, भाडाकुँडा लगायतका सामान</td><td>२५२७०२</td><td>५०७४०</td></tr>
<tr><td>१६२-२०७८/१२/२४</td><td>आधुनिक मौरिका घार(मौरी समेत)</td><td>२०३०००</td><td>४०६००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५९७२०५</td><td>११९६४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कर
स्थानीय तहहरुको कार्यक्रम संचालन मार्गदर्शन २०७८।७९ मा उल्लेख भए अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्याका आधारमा दोहोरो नपर्ने गरी जनही रु.१००००।-का दरले पोशाक भत्ता उपलब्ध गराउने र उक्त पोशाक भत्तामा सामाजिक सुरक्षा कर लाग्ने उल्लेख छ । पालिकाले अन्तर्गतका स्वास्थ्य संस्थामा आवद्ध १६५ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई जनही रु.१००००।-का दरले जम्मा रु.१६५००००।-पोशाक भत्ता भुक्तानी गरेकोमा मार्गदर्शनमा उल्लेख भए अनुसारको सामाजिक सुरक्षा कर कट्टा भएको नपाइएकोले नियमानुसार लाग्ने कर रु.१६५००।-असुल गरी दाखिला हुनुपर्ने रु</td><td>१६,५००</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>पुँजीगतबाट शिक्षकको तलब भुक्तानी
एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ ।गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी बिभिन्न विद्यालयमा कार्यरत शिक्षकहरुको तलब पुँजीगत खर्चबाट समेत भूक्तानी भएको छ ।आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने भनिएकोमा वित्तीय समानिकरणबाट खर्च गरेको तथा चालु प्रकृतिको खर्च पुँजीगत शिर्षकवाट खर्च गर्नु नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>भौ नं.</th><th>कामको विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>८४</td><td>सरस्वती प्रा.वि.</td><td>१०००००</td></tr>
<tr><td></td><td>मजुवा प्रा.वि.</td><td>२०४०००</td></tr>
</table>
</td><td>३०४,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**वडा कार्यालयबाट खरिद** गाउँपालिकाको वडास्तरीय कार्यक्रमहरु संचालन अन्तर्गत सामाग्री खरिद तथा वितरणसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा वडा कार्यालय आफै खरिदमा संलग्न भएको देखिन्छ । स्थानीय सरकार संचालन ऐन, २०६४ अनुसार वडा कार्यालयलाई छुट्टै खर्च गर्ने इकाईको रुपमा परिभाषित गरेको देखिदैन। सम्पुर्ण खर्चको भुक्तानी तथा लेखा राख्ने , प्रतिवेदन तयार गर्ने तथा लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी पालिका केन्द्रको रहेको र वडा कार्यालयहरु सो मातहतको सेवा प्रवाह इकाईको रुपमा रहेको सम्बन्धमा वडा कार्यालय स्वयमले खरिद कार्यमा संलग्न हुनु उचित देखिएन। सामाग्री खरिद संग सम्बन्धीत कार्यक्रमहरु पालिका केन्द्रले बार्षिक खरिद योजना अनुसार प्रतिस्पर्धी मूल्यमा खरिद गर्नु पर्दछ। केही उदाहरणः	

गो.भौ.नं.	खरिद आईटम	खरिद संलग्न वडा	भुक्तानी रकम रु.
३१८	८ नं. वडा कार्यालयको फर्निचर खरिद	वडा कार्यालयले आर्यन एण्ड अग्रिम सप्लायर्सबाट खरिद गरेको बिल पेश गरेको	२१२८७९
३६७	८ नं. वडाको कृषकको लागि टनेल खरिद	वडा कार्यालयले खरिद बिल बिल पेश गरेको	१२४०००
४०१	४ नं. को कृषकको लागि थ्रेसर खरिद (७५%अनुदान)	वडा कार्यालयले खरिद बिल बिल पेश गरेको	२५००००
४०४	९ नं. वडा कार्यालयको लागि कुर्सि, टेवल खरिद	वडा कार्यालयले खरिद बिल बिल पेश गरेको	१५७२७६
४४२	७ नं. वडा कार्यालयको फर्निचर खरिद	वडा कार्यालयले आर्यन एण्ड अग्रिम सप्लायर्सबाट खरिद गरेको बिल पेश गरेको	४४००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			**वढी भुक्तानी**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.१			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । वास्तविक भएको कामभन्दा बढी भुक्तानी भएको व्यहोरा देहाय अनुसार छः	
६५.२			**१९२-२०७८/१०/१०** पुटुङ सिंचाई पोखरी घेराबार नि.उ.स.-३ लाई एङ्गल पोष्ट सहितको तारजालि घेराबार कार्यबापत रु.१,००,००। भूक्तानी भएको सम्बन्धमा संलग्न प्राविधिक नापि किताब तथा कार्यमूल्याङ्कन बिल अनुसार १७२.५५ के.जी. एङ्गल पोष्ट (४०×४० एमएम) को प्रति के.जी. रु.१०२.४६। को दरले रु.१७,६८०।- मूल्याङ्कन भएकोमा उपभोक्ता समितिले ८८.५ के.जी. मात्र प्रयोग भएको खरिद बिल पेश गरेको देखिएको हुँदा बढी मूल्याङ्कन भएको प्रति के.जी. रु.१०२.५५। को दरले ८४ के.जी. को हुन आउने रु.८,६१४। असूल गर्नु पर्ने रु.	८,६१४
६५.३			**२७१-२०७८/११/१२** खारुदेवी सामुदायिक भवन नि.उ.स., वडा नं. लाई भवन निर्माण बापत रु.४,००,०००। भुक्तानी भएको सम्बन्धमा संलग्न नापि किताब तथा कार्यमूल्याङ्कन बिल र निर्मित भवनको तस्बिर अनुसार ५ वटा झ्याल रहेको देखिएकोमा इटाको गारो (Brick Masonary) को परिमाण गणना गर्दा जम्मा ४ वटा झ्यालको परिमाणमात्र कट्टा गरेको देखिन्छ । कट्टा गर्न छुट भएको १ वटा झ्याल (०.९०×०.४५×१.३०) को हुन आउने ०.८७ घनमिटरको प्रति घनमिटर रु.८,३९१.२५ को दर रु.७,३००। बढी मूल्याङ्कन भई भूक्तानी भएको असूल गर्नु पर्ने रु.	७,३००
६६			**उपभोक्ता समितिको कार्यमा जनसहभागिता नदेखीएको** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ भने नियमावलीको नियम ९७(३) मा निर्माण कार्यको परिमाण, लागत अनुमान र सम्बन्धीत उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम वा श्रमदान समेत उल्लेख गरी उपभोक्ता समितिसँग खरिद सम्झौता गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले सडक स्तरउन्नती तथा सडक ट्र्याक विस्तार गर्ने प्रकृतिको कतिपय योजनाहरुमा सबै कार्य आईटमहरु मेशिनबाट गरेको देखिन्छ । सबै कार्य मेशिनबाट गराउँदा जनश्रमदानको अंश नहुने, मेशिनमार्फत सवै काम हुँदा स्थानीय रोजगारी श्रृजना नहुने र यसरी गराएको काम सार्वजनिक खरिद ऐनको प्रतिकुल समेत हुने देखिन्छ। अतः स्थानीय लाइ रोजगारी श्रृजना हुने र आफैले गर्न सक्ने काम मात्र उपभोक्ता समितिमार्फत काम गराइ कार्यान्वयन गर्नुपर्ने देखिन्छ। स्थानीयको श्रम नदेखिएका केही उदाहरण यस प्रकार छन् :	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौनं.</td><td>उपभोक्ता समितिको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रकम रु.</td><td>कुल मूल्याङकन रकम</td><td>मेशिन प्रयोगको मू.अ.कर विल</td></tr>
<tr><td>२६२</td><td>भस्मे मन्दिर बिगु सडक नि.उ.स.-१</td><td>Roadway Excavation in all type of soil & rock by Excavator Machine</td><td>रु. ८०००००</td><td>रु.८९६६६७</td><td>रु.८९८३५०</td></tr>
<tr><td>३०५</td><td>बलम्बु नामथली सडक नि.उ.स.-५</td><td>Roadway Excavation in all type of soil & rock by Excavator Machine</td><td>रु.४०००००</td><td>रु.४४९२५५</td><td>रु.४५०३४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>
इन्धन खर्च
पालिकाले मेशिनरी औजारको इन्धन खरिद शिर्षकबाट रानिबन पहिरो नियन्त्रण र वडाहरुस्तरीय सडहकरुको मर्मत सम्भार तथा सरसफाई कार्य गाउँपालिकाको मेशिन प्रयोग गरेको व्यहोरा जनाई ईन्धन खर्च बापत पुँजीगत खर्च शिर्षकबाट रु.४५,४९,७०१।— खर्च गरेको छ । सडक सरसफाई,मर्मत सम्भार तथा रानीबन पहिरो नियन्त्रमा ईन्धन खपत भएको भनिएकोमा कुल कार्यको मूल्याङ्कन बेगर ईन्धन खर्च मात्र भुक्तानी भएको छ । कुल कार्यमूल्याङ्कन प्रतिवेदन बेगर ईन्धन खर्च मात्र भुक्तानी हुँदा ईन्धन खर्च अनुसारको कार्य भएको छ भन्ने आधार देखिएन । इन्धन खर्चका अतिरिक्त डोजर चालकको तलव भत्ता,मेशिन प्रयोग गरेवापत प्रति घण्टा रु २ सयको दरले भत्ता लगायतको खर्च हुने तर कामको प्राविधिक मुल्यांकन नहुनु उचित देखिएन। अतः खर्चलाइ पुष्ट्याइ हुने प्राविधिक मुल्यांकन सहितको प्रतिवेदन पेश गर्नुपर्दछ।
<table>
<tr><td>भौ.नं.</td><td>मिति</td><td>कार्यक्रम</td><td>आयल स्टोर</td><td>डेबिट</td></tr>
<tr><td>८</td><td>२०७८/०६/२१</td><td>रानीवनपहिरो नियन्त्रण</td><td>चरिकोट आयलस्टोर</td><td>१६९९९६</td></tr>
<tr><td>४१</td><td>२०७८/०७/३०</td><td>रानीवनपहिरो नियन्त्रण</td><td>चरिकोट आयलस्टोर</td><td>२०३०२६</td></tr>
<tr><td>५९</td><td>२०७८/०८/०८</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>१५६७०</td></tr>
<tr><td>७७</td><td>२०७८/०८/१४</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>१७५०७०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९३</td><td>२०७८/०८/२१</td><td>मेशनरीऔजारको इन्धन</td><td>सावला देवीआयल स्टोर</td><td>२४७४६</td></tr>
<tr><td>९७</td><td>२०७८/०८/२४</td><td>बटो सफागर्ने कार्य</td><td>चरिकोट आयलस्टोर</td><td>१६२८७०</td></tr>
<tr><td>१०७</td><td>२०७८/०९/१४</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>५३१३२४</td></tr>
<tr><td>१९८</td><td>२०७८/१०/१२</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>३३१२५१</td></tr>
<tr><td>२२५</td><td>२०७८/११/०३</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>३८७१०५</td></tr>
<tr><td>२८२</td><td>२०७८/११/२६</td><td>वडा नं. ५र ६ को सडक मर्मत</td><td>चरिकोट आयलस्टोर</td><td>३८२२८१</td></tr>
<tr><td>३१०</td><td>२०७८/१२/०६</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>१९०६७०</td></tr>
<tr><td>३२३</td><td>२०७८/१२/२१</td><td>९ नं. वडासरसफाई</td><td>चरिकोट आयलस्टोर</td><td>३९०५६७</td></tr>
<tr><td>३४८</td><td>२०७९/०१/०७</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>३३६३७४</td></tr>
<tr><td>३६०</td><td>२०७९/०१/२३</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>१९४१७४</td></tr>
<tr><td>३७०</td><td>२०७९/०२/२४</td><td>वडा न ८काे सडक मर्मत</td><td>चरिकोट आयलस्टोर</td><td>२२२४३४</td></tr>
<tr><td>३७८</td><td>२०७९/०३/०२</td><td>वडा न ७ र८ काे सडक सरसफाई सफा तथा मर्मत</td><td>चरिकोट आयलस्टोर</td><td>३२६४४०</td></tr>
<tr><td>३९१</td><td>२०७९/०३/१६</td><td>वडा न ७काेबिभिन्न सडक तथा पाेखरे चौर निर्माण</td><td>चरिकोट आयलस्टोर</td><td>३९१४१२</td></tr>
<tr><td>४१९</td><td>२०७९/०३/२४</td><td>मेशनरीऔजारको इन्धन</td><td>चरिकोट आयलस्टोर</td><td>११४२९१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>४५४९७०१</td></tr></table></td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>पुँजीगतबाट अन्य संस्थाको सोधभर्ना
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निरवारणमा प्रत्यक्ष योगदान गर्ने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन सिपको अधिकतम प्रयोग भई लागत कम लाग्ने, लैङ्गिक समानता र सामाजिक समाबेशीकरण अभिवृद्वी हुने तथा दिगो विकासमा सघाउ पुग्ने बिषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । जसबाट पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नगरपालिकाले आम जनताको प्रत्यक्ष लाभ र उपयोग सँग प्रत्यक्षरुमा नजोडिएको तथा सार्बजनिक हित तथा सेवामा योगदान गरेको बिगतको अनुभव र आगामि दिनहरुमा सार्बजनिक रुपमा सेवा उपलब्ध गराउने सुनिश्चित नभएको बिभिन्न संस्थाहरुलाई बिभिन्न शिर्षकमा भुक्तानी गरेको देखिन्छ । पालिकाले सार्बजनिक हित र सेवाको सुनिश्चतता बेगरको संस्था तथा कार्यक्रमहरुमा वजेट विनियोजन गरी खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>नन्फाइलर
मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २६ (१) मा मूल्य अभिबृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्ने उल्लेख छ। यस सम्वन्धमा अर्थ मन्त्रालयको चलानी नं ३२७, मिति २०७७।०८।०९ को पत्रले आयकर तथा मुल्य अभिवृद्दि कर दुवैतर्फ विवरण नवुझाएकालाइ विवरण पेश गर्न वाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानी दिनुपर्ने गरी पत्राचार गरेको छ। जसअनुसार तोकिएको समयमा कर विवरण दाखिला गर्नुपर्नेमा देहायका निर्माण व्यवसायीले समयमा विवरण दाखिला गरेको नदेखिएकोमा समेत भुक्तानी भएको देखिन्छ। यसरी निर्माण व्यवसायीले भुक्तानी गरेको मु.अ.करको विवरण कर कार्यालयमा नवुझाएकोले कार्यालयले भुक्तानी गरेको मु.अ. कर रकमको सहि सदुपयोग हुन नसक्ने देखिएकोले निजहरुले मु अ कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.<table><tr><td>गो. भौ. नं.</td><td>फर्म/ आपूर्तिकर्ताको संलग्न विल</td><td>प्यान नं.</td><td>जारी गरेको बिजक नं.</td><td>भुक्तानी/ बिजक रकम रु.</td><td>मुअकर कर रकम</td><td>नन्फाइलर रहेको मिति</td></tr></table></td><td>८९,५९९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४०</td><td>पांचपोखरी कन्स्ट्रकसन</td><td>६०४२९६०४६</td><td>३</td><td>५२९२८२</td><td>६०८९०</td><td>२०७८ भदौ</td></tr>
<tr><td rowspan="2">४३</td><td>इन्फ्रा अभयपुर कन्स्ट्रकसन</td><td>६०९७१७५२</td><td>१</td><td>१७६९३७</td><td>२०३५५</td><td>२०७८ असोज</td></tr>
<tr><td>देउराली सुपर कन्स्ट्रकसन</td><td>६०६८९८०८५</td><td>१०</td><td>७२६१३</td><td>८३५४</td><td>२०७८ जेठ</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७७८८३२</td><td>८९५९९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>
सीमा भन्दा बढी खर्च
कालिञ्चोक गाँउपालिकाको बिनियोजन ऐन,२०७८ अनुसार यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले वडा कार्यालय सञ्चालनका लागि मासिक रु.२००००।०० दरले १२ महिनाको रु. २४००००।०० सम्म खर्च गर्न पाउने गरी सभाबाट परित गरिएको छ । तर निम्न वडाहरुले बिनियोजन ऐनबाट पारित भएको वजेट भन्दा अन्य खर्च शिर्षकवाट बढी भुक्तानी दिई खर्च गरेको हुँदा उक्त कार्य ऐन बिपरित भएकोले खर्च रकम नियमसंगत देखिएन। वजेटमा भएको व्यवस्थाको परिधिभित्र रहेर खर्च गर्नुपर्दछ।
<table>
<tr><th>वडा नं.</th><th>विनियोजित रकम</th><th>खर्च रकम</th><th>बढी खर्च</th></tr>
<tr><td>६</td><td>२४००००।००</td><td>३०००००।००</td><td>६००००।००</td></tr>
<tr><td>८</td><td>२४००००।००</td><td>३१८८००।००</td><td>७८८००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३८८००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>
पेश्की बाँकी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु
</td><td>१०,०२०,५००.०१</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सि.नं.	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	कर्मचारी भए पद	चालुआ.व.	
					म्याद ननाघेको	म्याद नाघेको
१	कर्मचारी					
१	१२/२५/२०७८	जनतासँगउपाध्यक्षकार्यक्रम	बन्दनामल्ल	सहायकपाँचौ	०	५०,०००.००
जम्मा						५०,०००.००
२	संस्थागत					
१	०३/२४/२०७९	केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	श्री कालिनाग माध्यमिक विद्यालय		०	९३०००००.
२	०३/२४/२०७९	केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	श्री कालिनाग माध्यमिक विद्यालय		०	५२५०००.

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="5">जम्मा</td><td>०</td><td>९८२५०००.</td></tr>
<tr><td>३</td><td colspan="6">व्यक्तिगत</td></tr>
<tr><td>१</td><td>१२/०९/२०७८</td><td>कार्यक्रमखर्च</td><td>राजाराम ढुंगाना</td><td></td><td>०</td><td>१४५५००.०१</td></tr>
<tr><td colspan="5">जम्मा</td><td></td><td>१४५५००.०१</td></tr>
<tr><td colspan="5">कुलजम्मा</td><td>०</td><td>१००२०५००.०१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.
<table>
<tr><th>भौ नं.</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१ र ३</td><td>कालिन्चोक गाउँपालिका ७ नं वडा कार्यालय निर्माण उ स वाट वडा भवन निर्माण</td><td>२३९९५५८</td></tr>
</table>
</td><td>२,३९९,५५८</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>
काठको काममा दररेट माग गरी लागत तयार
सार्वजनिक खरिद निमयावली, २०६४ को नियम १० मा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। जस अनुसार पालिकाले दररेट तयार गरी सो को आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्द्दन तथा कोभिड पुनर्स्थापना अन्तर्गत भौ नं.५ वाट गुजर्पा
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आ वि लाइ भवन निर्माण वापत रु ३३६००००। भुक्तानी गरेकोमा उक्त रकम भित्र लागत अनुमान तयार नगरी विद्यालयले खरिद गरेको विल रकमका आधारमा १५ झ्याल तथा ९ ढोकावापत रु ६१३६७४। भुक्तानी गरेको छ। लागत अनुमान तयार नगरी विद्यालयले खरिद गरेको विजकलाइ आधार मानि सोही आधारमा मुल्यांकन गरी भुक्तानी दिनु उचित देखिएन। अतः पालिकाले दररेट तयार गरी स्वीकृत दररेटका आधारमा लागत अनुमान तयार गरी काम गर्नुपर्ने देखिन्छ।	
७४			**उपभोक्ता समितिको काममा मुअकर वढी भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ भने नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कामको लागि दर विश्लेषण गर्दा इट्टामा काठमाडौंको दर रु १४.५४ मा मुअकर जोड गरी प्रति इट्टा १६.४३ कायम गरी भुक्तानी गरेको तर विजक कम भएको अवस्थामा समेत सवै रकम भुक्तानी भएको छ। यस सम्वन्धमा छलफल गर्दा उपभोक्ता समितिले कम दरको विजक पेश गर्ने गरेको कार्यालयले जनाएको छ। तर कम दरको विजक पेश गर्दा रकम सवै भुक्तानी हुने तर राज्यलाइ वुझाउनुपर्ने करमा कमी आउने हुँदा यस्तो प्रकारको न्युन विजकीकरण मार्फत कर छली लाइ कार्यालयले समेत नियन्त्रण गर्नुपर्ने देखिन्छ। अतः वढी दर लाग्ने गरी विश्लेषण गरी भुक्तानी गर्ने तर कम विजक पेश गर्नेको फरक मुअकर रकम (नमुना छनोटको रुपमा हेरीएका केही योजना) असुल गर्नुपर्ने देखिएको रु	२२९,५५०

भौ नं	योजनाको नाम तथा विवरण	कार्यालयले भुक्तानी गरेको दर (मुअकर समेत)	पेश भएको विजक अनुसारको दर (मुअकर समेत)	प्रयोगमा आएको परिमाण	वढी भुक्तानी भएको रकम	वढी मु अ कर भुक्तानी रकम
१र३	कालिन्चोक गाउँपालिका ७ नं वडा कार्यालय निर्माण उ स (भौतिक पुर्वाधार विकास मन्त्रालय अन्तर्गत)	१६.४३	९.६०५	११६४८	७९४९८	९१४५
५	गुजर्पा आ वि (प्रदेश पुर्वाधार स्वास्थ्य प्रवर्द्दन तथा कोभिड पुनर्स्थापना अन्तर्गत)	१६.४३	१०.१७	२३९७०	१५००५२	१७२६२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२२९५५०</td><td>२६४०७</td></tr></table></td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>भुक्तानीमा कर कट्टी नभएको
आयकर ऐन,२०५८ को दफा ८९ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने उल्लेख छ। पालिकाले स्टील पार्टस खरिदको लागि एस. के. इन्जिनियरिङ इन्डष्ट्रिजसँग रु २०३८४१२। मा संझौता भइ यस वर्ष भौ नं ३२ र ४३३ वाट रु १०८९०१४। भुक्तानी गरेकोमा सोमा लाग्ने अग्रिम कर रु.१४४५६।-कट्टी नगरेकोले उक्त कर असुल गर्नुपर्ने रु.</td><td>१४,४५६</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>वढी भुक्तानी
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक जाँच गरी नापी कितावमा उल्लेखित परिमाणका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले तयामपोखरी सोरुङ खोला झो पु निर्माण आयोजनालाई शशर्त पुजीगत कार्यक्रमको भौ नं ११ र २२ वाट रु १३५१७५६। भुक्तानी दिएको तर प्राविधिक मुल्यांकन अनुसार रु १२६४५६९। को मात्र काम भएकोले वास्तविक भएको काम भन्दा रु ८७१८७। वढी भुक्तानी भएको छ। वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>८७,१८७</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>योगदान नभएको
झोलुंगे पुल तर्फको काममा कुल लागत अनुमान तयार गर्दा स्टील पार्टसको काम पालिकाले खरिद गर्ने तथा वाँकी काममा ९८ प्रतिशत पालिका (पालिकाको आफ्नो वजेट तथा संघीय शशर्त) वाट र २ प्रतिशत उपभोक्ताले व्यहोर्ने गरी संझौता भएको देखिन्छ। जस अनुसार कुल लागत अनुमानमा उपभोक्ताको योगदान देखिनुपर्नेमा देहायका काममा उपभोक्ताको योगदान रहेको नदेखिएकोले वाँकी कामको भुक्तानी गर्दा उपभोक्ताको २ प्रतिशत अंश रहने गरी कट्टा गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th></th><th>विवरण</th><th>कुल काम</th><th>कार्यालयको योगदान</th><th>२ प्रतिशत उपभोक्ताको योगदान</th></tr>
<tr><td>१० र १७</td><td>गुमखोला झो पु निर्माण उ स</td><td>१२६९५७०</td><td>सवै</td><td>२५३९१</td></tr>
<tr><td>११ र २२</td><td>तयामपोखरी सोरुङ खोला झो पु निर्माण आयोजना</td><td>१३५१७५६</td><td>सवै</td><td>२७०३५</td></tr>
</table></td><td>५२,४२६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५२४२६</td></tr></table></td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>झोलुंगे पुलको सामान खरिदमा ओभरहेड
सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको हकमा मात्र १५ प्रतिशत ओभरहेड राख्न पाउने उल्लेख छ। यस व्यवस्था अनुसार मालसामानमा ओभरहेड राख्न मिल्ने कानूनी व्यवस्था छैन। कार्यालयले विभिन्न झोलुंगे पुल निर्माणको लागि रु २४०७१३५। को लागत अनुमान तयार गरी ठेक्का आह्वान गरेकोमा घटि कवोल गर्ने एस. के. इन्जिनियरिङ इन्डष्ट्रिजसँग रु २०३८४१२। मा संझौता भइ यस वर्ष भौ नं ३२ र ४३३ वाट रु १०८९०१४। गरेको देखिन्छ। लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड दिएको देखिन्छ। ओभरहेड गणना नगरी लागत अनुमान तयार गर्दा २०९३१६१। को मात्र लागत अनुमान वन्नेमा ओभरहेड राखी ठेक्का आह्वान गर्दा वास्तविक हुनुपर्ने लागत अनुमान भन्दा रु ३१३९७४। वढीको लागत अनुमान तयार भएको देखिन्छ। लागत अनुमान तयार गर्दा वस्तुको हकमा समेत १५ प्रतिशत थप गरी अतिरिक्त व्ययभार थप भएको रकम अनियमित देखिएको रु.</td><td>३१३,९७४</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>सामान खरिदको काम उपभोक्ता समितिमार्फत गराएको
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्यको काम मात्र उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। पालिकाले सौर्यवत्ती जडानको काम उज्यालो सौर्य सडक वत्ती जडान उपभोक्ता समितिमार्फत गराइ संघीय सरकारवाट हस्तान्तरित पुजीगत वजेट उपशिर्षकको भौ नं २९ वाट ९ थान सौर्य सडक वत्तीको लागि रु १० लाख खर्च लेखेको छ। कार्यालयले लागत अनुमान तयार गर्दा प्रति सेट रु १२३४९०। मुल्य कायम गरेकोमा लागत अनुमानको आधार उल्लेख गरेको समेत छैन। नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण वाहेकको काम उपभोक्ता समितिमार्फत गराउन नसकिने अवस्थामा सामान खरिद गर्ने काम समेत उपभोक्ता समितिमार्फत गराई खर्च गर्नु अनियमित देखिएको रु.</td><td>१,०००,०००</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>डिपिआरको कार्यान्वयन
डिपिआर तयार भएका आयोजनाहरु समयमा कार्यान्वयन हुनुपर्दछ। पालिकाले प्रदेश सरकार हस्तान्तरित कार्यक्रम पुजीगत वजेट उपशिर्षकको भौ नं १८ वाट तारीखोला पुलको डिपिआरको लागि रु १४३९३६६। को लागत अनुमान तयार गरी रु १३९४३०७। को संझौता गरी भौ नं १८ मिति २०७९।३।१९ वाट संझौता वमोजिमको रकम परामर्शदाता श्री इन्जिनियरको घर प्रा लि लाई भुक्तानी गरेको छ। लागत</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुमान तयार गरेकोमा सो को आधार लेखापरीक्षणको क्रममा पेश भएन जसले गर्दा भौतिक पुर्वाधार विकास मन्त्रालयले तयार गरेको पुल तथा सडक निर्माणको परामर्शसेवाको नर्म्स लागु गरि लागत अनुमान तयार गरे नगरेको सम्वन्धमा सुनिश्चित हुन सकिएन। डिपिआरवाट २१.१ मिटर लम्वाईको पुलको लागि रु ४७२४०९१३। को लागत अनुमान तयार गरेको र पालिकाले उक्त पुलको कार्यान्वयनको लागि प्रदेश सरकारलाई हस्तान्तरण गरेको जानकारी गराएको छ। आफैले कार्यान्वयन नगर्ने कामको लागि डिपिआर तयार गरी खर्च गर्नु उचित देखिएन।</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>खर्चका प्रमाण नराखेको
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने र राख्न लगाउनुपर्ने उल्लेख छ। पालिकाले प्रदेश हस्तान्तरित कार्यक्रमवाट देहायअनुसार खर्च गरेकोमा खर्चका प्रमाण नराखेकोले खर्चका प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><td>भौ नं</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२९</td><td>न्युनतम सेवा मापदण्ड सुधारका लागि ७ स्वास्थ्य संस्था तथा हेल्थपोष्टलाइ रु ५० हजारको दरले अनुदान दिएकोमा सिंगटी प्रा अस्पतालको खर्चको प्रमाण पेश नभएको</td><td>५००००</td></tr>
<tr><td>३५</td><td>पालिका चालु वाट समेत कुल १६२६६३। खर्च गरी छपाई, पम्पलेट, फ्रेम आदिमा खर्च गरेकोमा खर्चको प्रयोजन नखुलाएको तथा सामानको दाखिला समेत नभएको</td><td>१६२६६३</td></tr>
<tr><td>४३०</td><td>जैसीटोल टुटवान सडकको लागि देवी रमण क कम्पनी प्रा लि लाई भुक्तानी गरेकोमा सक्कल विजक नभएको</td><td>२०३४५६४</td></tr>
<tr><td>३८८</td><td>नेपाल शिक्षक महासंघ, कालिन्चोक गाउँपालिका संचालक समितिलाइ रकम दिएकोमा खर्चका प्रमाण नभएको</td><td>१०००००</td></tr>
<tr><td>३७८</td><td>विविध कार्यक्रम खर्चवाट जनशिक्षा रु १६०००। को १६ थान तथा एकीकृत जनक्रान्ति २१०००। को १४ वटा खरिद गरेकोमा खरिदको प्रयोजन नखुलाएको तथा दाखिला समेत नभएको</td><td>३७०००</td></tr>
</table></td><td>२,३८४,२२७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>२३८४२२७</td></tr></table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>सीप विकास तालिम संचालन
अर्थ मन्त्रालयले तयार गरेको कार्य सन्चालन निर्देशिका, २०७७ को वुँदा ७.१.१५ मा सवै प्रकारका तालिम तथा गोष्ठीको लागि खर्चको मापदण्ड निर्धारण गरेको छ। जसको सि.नं. ३ मा सीप विकास तालिम अन्तर्गत ७ दिन भन्दा वढीको तालिममा आवधिक रुपमा स्रोत व्यक्तिको व्यवस्था गर्नुपर्ने उल्लेख छ। आवधिक व्यवस्था गर्ने गरी तालिम संचालन गर्दा ३० कार्यदिन सम्मको तालिममा प्रतिदिन ७ सयको दरले र ३० कार्यदिन भन्दा वढीको हकमा मासिक रु १० हजारको दरले प्रशिक्षक भत्ता उपलव्ध गराउनुपर्ने उल्लेख भएकोमा पालिकाले सो भन्दा वढी हुने गरी देहायका तालिममा देहायअनुसार वढी भुक्तानी गरेको देखियो। निर्देशिकामा उल्लेखित दर भन्दा वढी हुने गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं</th><th>तालिमको विवरण</th><th>भुक्तानी भएको प्र. भत्ता</th><th>भुक्तानी हुनुपर्ने प्रशिक्षक भत्ता</th><th>कर कट्टी पछिको वढी भुक्तानी</th></tr>
<tr><td>३४</td><td>४५ दिने महिला सिप विकास तथा क्षमता अभिवृद्दि तालिम अन्तर्गत सिलाइ तालिमको लागि शिवपार्वती आमा समुहलाइ भुक्तानी</td><td>४५०००</td><td>१५०००</td><td>२५५००</td></tr>
<tr><td>६२</td><td>ऐ ऐ कार्यक्रम अन्तर्गत शिव पार्वती आमा समुहलाइ भुक्तानी</td><td>४५०००</td><td>१५०००</td><td>२५५००</td></tr>
<tr><td>६८</td><td>ऐ ऐ कार्यक्रमवाट कल्याणकारी महिला संजाललाइ भुक्तानी</td><td>३००००</td><td>२१०००</td><td>७६५०</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td></td><td>५८६५०</td></tr>
</table></td><td>५८,६५०</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>स्वास्थ्य वीमा कार्यक्रमको प्रभावकारीता</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सवै नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यले संघीय सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको छ। यसलाई प्रभावकारी वनाउन स्वास्थ्य बीमा ऐन २०७४ तथा स्वास्थ्य बीमा नियमावली २०७५ लागू भइसकेको र नियमावलीमा भएको व्यवस्था अनुसार ५ जना सम्मको परिवारले वार्षिक रु ३५ सय योगदान गर्ने गरी यस कार्यक्रममा आवद्द गर्न सक्ने उल्लेख छ। नियमावलीको नियम १६ मा अति गरिवको परिचयपत्र भएका परिवार, अति अशक्त अपांगता, कुष्ठरोग, जटिल प्रकारका क्षयरोग लागेका परिवार तथा सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक आदिले गर्नुपर्ने योगदानको रकम सरकारले व्यहोर्ने उल्लेख छ भने स्थानीय तहले व्यहोरेको अवस्थामा संघले नव्यहोर्ने उल्लेख छ। पालिकाले तयार गरेको २०७४ सालको घरधुरी तथ्यांक सर्वेक्षण अनुसार कुल ३०५७५ जनसंख्या र कुल ८०४१ घर परिवार संख्या रहेकोमा कुल २७७४ परिवारको स्वास्थ्य वीमा रकम रु ९७७३०५०। पालिकाले व्यहोरेको छ। पालिकाले स्वास्थ्य वीमाको रकम भुक्तानी गर्दा निजहरु अति गरिव भए नभएको एकिन तथा सुनिश्चित गरेको छैन । संघीय सरकारले केही अवस्थामा निशुल्क वीमा गर्ने उल्लेख गरेकोमा सो वाहेकका परिवार तथा व्यक्ति एकिन गरी वीमा गर्नुपर्नेमा सवैलाइ समेटने गरी वीमा वापतको रकम पालिकाले भुक्तानी गरेकोले दोहोरो पर्ने अवस्था रहन्छ। साथै यस जिल्लामा स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत सेवा उपलव्ध गराउने अस्पताल नै नभएको र उक्त सेवा लिनको लागि काठमाडौं धाउनुपर्ने अवस्थामा कति परिवारले पालिकाले गरेको वीमा सुविधाको उपयोग गरे सो को अभिलेख नै राखेको छैन। पालिकाले गरेको खर्चको पुष्टयाई तथा उपलव्धी देखिने गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ तथा दोहोरो नपर्ने गरी स्वास्थ्य वीमा कार्यक्रम लागू गर्नुपर्दछ।	
८४			**पदाधिकारी भ्रमण भत्ता** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा ७ मा कार्यपालिकाका पदाधिकारी तथा सदस्यले आफ्नो निकायको कामको शिलशिलामा आफ्नो क्षेत्र भन्दा वाहिर गई वास वस्नु परेमा दैनिक तथा भ्रमण भत्ता पाउने व्यवस्था छ। जस अनुसार आफ्नो क्षेत्र वाहिर मात्र भत्ता पाउनेमा यस पालिकामा पालिकाको क्षेत्र भित्र अनुगमन गरेकोमा समेत दैनिक तथा भ्रमण भत्ता दिएको देखिन्छ। पालिकाले चालु खर्च शिर्षकको भौ नं ४६२ वाट पालिकाका १५ पदाधिकारीको दैनिक तथा भ्रमण भत्तामा रु ६५१०००। खर्च गरेकोमा अधिकांश भ्रमण आदेश आफ्नै क्षेत्रभित्रका ठाँउमा जाने गरी स्वीकृत भएको देखिन्छ सो को केही उदाहरण देहायअनुसार छ। आफ्नै क्षेत्रभित्र भ्रमण भत्ता पाउने व्यवस्था नभएकोले यसरी आफ्नै क्षेत्रभित्र भ्रमण गरेकोमा भत्ता लिनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>नाम</td><td>भ्रमण गरेको ठाउँ</td><td>स्वीकृत रकम</td></tr>
<tr><td>विनकुमार थामी</td><td>म्याङपोल</td><td>१२२५०</td></tr>
<tr><td>विनकुमार थामी</td><td>वावरे र लामिडाडा</td><td>१२२५०</td></tr>
<tr><td>विनकुमार थामी</td><td>वडा नं १ देखि ५</td><td>१२२५०</td></tr>
<tr><td>विनकुमार थामी</td><td>वडा नैं १ देखि ९</td><td>१२२५०</td></tr>
<tr><td>नन्दराज शिवाकोटी</td><td>सवै वडा</td><td>५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>अन्य प्रयोजनको खर्च
खड्क राज शिवाकोटीलाई जिल्ला प्रहरी कार्यालय सुनाखरी प्रहरी चौकी घरभाडामा लिएको भनि मासिक ११ हजारको दरले भौ नं ४२२ चालु शिर्षकवाट असोज देखि चैत्रको रकम रु.८३१३५।-श्री खड्क राज शिवाकोटीलाई भुक्तानी गरेको छ। संघीय सरकारको एक एकाइ लाइ संघीय सरकारवाट नै वजेट व्यवस्था हुने अवस्थामा स्थानीय तहवाट घरभाडा वापतको भुक्तानी हुनु उचित देखिएन। घरभाडा आवश्यक पर्ने अवस्थामा प्रयोजन खुलेमा संघीय सरकारवाट नै वजेट आउने अवस्थामा स्थानीय तहले घरभाडा भुक्तानी गर्नुपर्नाको पुष्ट्याइ संलग्न गर्नुपर्ने अन्यथा व्यक्तिगत प्रयोजनमा उक्त रकम खर्च भएको भए संवन्धितवाट असुल गर्नुपर्ने रु.</td><td>८३,१३५</td></tr>
<tr><td>८६</td><td></td><td></td><td>लागत अनुमान तथा खर्चको तेरीज वेगर खर्च
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) मा कुनै पनि तालिम, कार्यशाला लगायतका जुनसुकै कार्यक्रमको लागि खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट लागत अनुमान स्वीकृत गराउनुपर्ने तथा खर्च भइसकेपछि खर्चका विल भर्पाइ सहितको प्रतिवेदन तयार गरी सम्वन्धितवाट स्वीकृत गराउनुपर्ने उल्लेख छ। पालिकाले कालिन्चोक अध्यक्ष कप खुला पुरुष भलिवल प्रतियोगिता संचालन गरी भौ नं ४८० वाट रु ७८३२८९। खर्च गरेकोमा के कुन कार्यको लागि कति खर्च हुने हो सो को लागत अनुमान तयार गरेको छैन भने खर्चका तेरीज सहितको खर्चको प्रतिवेदन समेत पेश गरेको छैन। साथै द्वित्तीय उपाध्यक्ष कप अन्तरपालिका स्तरीय</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भलिवल प्रतियोगिता संचालनको लागि भौ नं ३६७ वाट धिरेन्द्र कुमार चौधरीको पेश्की फछ्र्यौट भइ रु ६५८२३५। खर्च भएकोमा समेत लागत अनुमान छैन भने कति टिमको सहभागिता थियो,खेलमा कतिजना खेलाडी खेलेका थिए,के कस्तो काममा खर्च गर्नुपर्ने हो र के कति, किन र कसरी खर्च भयो केही विवरण नै नराखी एकमुष्ट खर्चका विल भर्पाइ मात्र राखी ठुलो रकम भुक्तानी गरेको देखियो। जसले गर्दा खर्च यथार्थपरक थियो भनि एकिन हुन सक्ने आधार भएन। नियमावलीमा भएको व्यवस्थाको पुर्ण परिपालन गरी श्रेष्ता तयार गर्नुपर्दछ।	
८७			**करकट्टी रकम दाखिला नभएको** आयकर ऐन,२०५८ को दफा ९० मा कर कट्टी भएको रकम अर्को महिनाको २५ गतेभित्र अनिवार्य रुपमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले प्रकोप व्यवस्थापन कोष अन्तर्गत भौ नं १० वाट क्पापिटल इन्टरप्राइजेजलाइ रेडियोग्राफी लगायतको सामान खरिद गरेकोमा रु २७५००००। भुक्तानी गरेकोमा रु ३६५०४। कर कट्टी भएकोमा हालसम्म दाखिला नभएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.	३६,५०४
८८			**लागत अनुमानको आधार** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्नु पर्ने,जसमा लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय तथा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत,स्थानीय वजारमा प्रचलित दरभाउ,अन्य वजारको प्रचलित दरभाउ र सामान आपुर्ति गर्ने स्थानसम्म लाग्ने ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदिलाइ आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । पालिकालेप्रकोप व्यवस्थापन कोष अन्तर्गत भौ नं १० वाट क्पापिटल इन्टरप्राइजेजलाइ रेडियोग्राफी तथा एक्सरे मेशिनको सामान खरिद गरेकोमा रु २७५००००। भुक्तानी गरेको छ। जसको लागि रु २८ लाखको लागत अनुमान तयार गरेको देखिन्छ तर लागत अनुमानको आधार खुलाएको छैन। आधार नखुलाइ अनुमानीत भरमा लागत अनुमान तयार गर्नु उचित देखिएन। साथै उक्त सामान अस्पतालमा प्रयोग भएको कार्यालयले जनाएको छ। उक्त सामानको प्रयोगमार्फत स्थानीय जनता लाभान्वित हुने वातावरण तयार गर्नुपर्ने देखिन्छ।	
८९			**मु.अ. कर कट्टी नभएको** मूल्य अभिवृद्धि कर नियमावली२०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा	४६०,३३४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।नमुना छनोटको आधारमा हेर्दा पालिकाले देहायका काममा मु.अ. कर कट्टा नगरी सवै रकम सम्वन्धीतलाइ भुक्तानी गरेकोले निजहरुवाट कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>योजनाको नाम</th><th>विक्रेता</th><th>कुल भुक्तानी रकम</th><th>मुअकर रकम</th></tr>
<tr><td>९</td><td>झो पुल निर्माणको परामर्शदाता</td><td>दिगो विकासका लागि नागरीक मन्च</td><td>१६२३४३</td><td>१८६७७</td></tr>
<tr><td>३२ र ४३३</td><td>स्टील पार्टस खरिद</td><td>एस के इन्जिनियरीङ इण्डष्ट्रिज</td><td>१०८९०१४</td><td>१२५२८५</td></tr>
<tr><td>१०</td><td>प्रकोप व्यवस्थापन कोष अन्तर्गत रेडियोग्राफी तथा एक्सरे मेशिन खरिद</td><td>क्यापिटल इन्टरप्राइजेज</td><td>२७५००००</td><td>३१६३७२</td></tr>
<tr><td></td><td></td><td></td><td>४००१३५७</td><td>४६०३३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>
दोहोरो पर्ने गरी अनुदान
आ व २०७८।७९ को लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीले दिएको सुचनामा आइसिटी ल्याव व्यवस्थापन तथा विद्यालयमा डिजिटल लाइब्रेरी व्यवस्थापनको लागि स्थानीय तहमार्फत प्रस्ताव पेश गर्ने गरी निवेदन पेश गर्ने सुचनामा गत विगत वर्षहरुमा आइसिटी ल्याव व्यवस्थापनको लागि अनुदान प्राप्त नभएका विद्यालय हुनुपर्ने उल्लेख गरेको छ। यस वर्ष कार्यालयले आइटी ल्याव कार्यक्रम अन्तर्गत ७ वटा विद्यालयलाइ रु ६५००००। को दरले रु ४५ लाख ५० हजार अनुदान दिएको छ। जसमा एउटै विद्यालयले गत विगत वर्षमा अनुदान पाए नपाएको स्पष्ट छैन भने यसै वर्षको संघीय शशर्त अनुदानवाट समेत हिलेपानी मा वि र श्री वालोदय मा वि. लाई आइटी ल्याव व्यवस्थापनको लागि अनुदान दिएको छ। एकै वर्षमा एकै विद्यालयलाई एक भन्दा वढी कार्यक्रमवाट
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अनुदान दिदा कुनै विद्यालयले एक भन्दा वढी पटक पाउने र कुनै विद्यालयले कहिल्यै पनि नपाउने अवस्था श्रृजना हुने अवस्था रहन्छ। अतः दोहोरो पर्ने गरी दिने अनुदान वन्द गरी प्राथमिकताक्रम निर्धारण गरी पठाउनुपर्ने र विभागले समेत दोहोरो नपर्ने गरी अनुदानग्राही विद्यालय छनोट गर्नुपर्दछ।	
९१			**भुमिहिनलाइ जग्गा प्राप्तिको लागि रकम अनुदान** संघीय सरकारले भूमिहीन दलित,भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि राष्ट्रिय भूमि आयोगको गठन गरेको छ। जसलाई भूमिहीन दलित,भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने कार्य गर्ने गरी काम कर्तव्य र अधिकार तोकिएको छ। तर पालिकाले चालु खर्च शिर्षकको भौ नं ४९३ वाट सुकुम्वासी समस्या समाधान कार्यक्रम अन्तर्गत वडा नं ७ मा दुइ जना सुकुम्वासी रहेकोले निजलाइ जग्गा उपलव्ध गराउन रु २/२ लाखको दरले रु ४ लाख अनुदान दिएको छ। राष्ट्रिय भूमि आयोगले गर्ने काम पालिकाले समन्वय गरी उक्त आयोग मार्फत गराउनुपर्नेमा आफैले जग्गा खरिदको लागि अनुदान दिनु उचित देखिएन। काममा दोहोरोपना हुन नदिने गरी कार्य गर्नुपर्दछ।	
९२			**एक्साभेटर तथा व्याकहु लोडर प्रयोग** पालिकाले भौ नं ४९८ वाट व्याकहुलोडर तथा एक्साभेटर चलाएको भनि रु २११७५०। अतिरिक्त भत्तावापत खर्च गरेको छ । जसमा ६८० घण्टा चलाएको भनि प्रति घण्टा रु २०० को दरले सिताराम थापालाइ रु १३६०००। भुक्तानी गरेको छ भने वाँकी अर्को व्यक्तिलाइ प्रति घण्टा रु १५०। को दरले कुल ५०५ घण्टाको रु ७५७५०। भत्ता दिएको छ । पालिकाले डोजर संचालन सम्वन्धि कार्यविधि उपलव्ध नगराएकोले तयार गरे नगरेको जानकारी हुन सकेन। उक्त उपकरणहरु प्रयोगवापत सवारी चालकलाई भत्ता दिने तर आम्दानीको विस्तृत विवरण नराखु उचित देखिएन। उक्त सवारीहरुको लागि पालिकावाट इन्धनमा मात्र रु ४५ लाख ५० हजार खर्च भएको,चालकलाइ पारिश्रमिक समेत भुक्तानी भएको र प्रति घण्टाका दरले भत्ता समेत दिएकोमा उक्त व्याकहुलोडर तथा एक्साभेटरले गरेको कामको प्राविधिक मुल्यांकन नहुनु उचित देखिएन। सवारी साधन प्रयोग गरेकोमा अनिवार्य रुपमा प्राविधिक पुष्टयाइ संलग्न गरि राखुपर्दछ।	
९३			**अनुगमन भत्ता** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन,२०७५ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा दिइने भत्ताहरुको व्यवस्था गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने गरी	१५३,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कानुनमा व्यवस्था गरेको देखिदैन। साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर यस स्थानीय तहले अनुगमन गएको भनि जनप्रतिनिधि तथा कर्मचारीलाइ भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएकोमा पालिकाले अनुगमन गरेको भनि भत्ता वितरण गरेको छ । संविधानमा वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख भएकोमा कानून विपरीत हुने गरी भत्ता वापत भुक्तानी गर्नु अनियमित देखिएको रु ... <table><tr><td>भौ नं</td><td>विवरण</td><td>भत्ता रकम</td></tr><tr><td>३६३</td><td>पालिकाका जिम्मेवार पदाधिकारी समेतको अनुगमन गरेको भनि वसेको वैठक भत्ता</td><td>१५३०००</td></tr></table>	
९४			**विद्यालयको अनुदानको अनुगमन** विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालयले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।	
९५			**आन्तरिक आय** पालिकाको आन्तरिक आय सम्बन्धमा देखिएका वेहोरा निम्न छन्:	
९५.१			**सेस्ता तयारः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाचामा वित्तिय विवरण सम्बन्धि आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यबस्था रहेको छ । गाँउपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शिर्षक जनाइ कम्पुमा अभिलेख राखेपनि राजस्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फाराम नं.१०४ राजस्व\आम्दानीको शिर्षकगत खाता, म.ले.प. फाराम नं.१०५ को राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प.न.१०८ राजस्व आम्दानीको बैंक\नगदी किताब तोकिए बमोजिममको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ढाँचामा तयार गरी लेखाँकन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शिर्षकगत आम्दानी भिडान गर्न सकिएन। अत नियमानुसार खाता तयार गरी राजस्व श्रेस्ता तयार गर्नुपर्दछ।	
९५.२			**आम्दानी नदेखिएकोः** बेनिश्वारा क्षेत्र ठेक्का नं.०२ को ३ वटा फर्म मध्ये बढी कबोल गर्ने त्रिवेणी लाफा कन्स्ट्रक्सन प्रा ली. सँग सम्झौता अनुसार पहिलो किस्ता रु. ६३२८००।०० माघ मसान्त,दोस्रो किस्ता रु. ६३२८००।०० चैत्र मसान्त र तेस्रो किस्ता रु. ६३२८००।०० जेठ मसान्तमा भुक्तानी गर्नुपर्नेमा २०७९ श्रावण १२ मा बैंक दाखिला भएको बैंक स्टेटमेन्ट देखिएको छ ।आ.ब.२०७८।७९ मा रु.१८९८४००।०० आम्दानी देखिनुपर्नेमा सो रकम श्रावण १२ मा बैंक दाखिला भएको कारण यस आर्थिक बर्षमा आम्दानी नदेखिएको अवस्था छ। आम्दानी भएको रकम समयमा दाखिला गर्नुपर्दछ।	
९५.३			**ढिला दाखिलाः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनवमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोही दिन सम्भव नभए भोलिपल्ट जिम्मेवार व्यक्तीले तोकिएवमोजिम ढाँचामा राजस्वको लेखा राखी वैक दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले राजस्व रकम नियामानुसार समयमा जम्मा नभई ढिला दाखिला हुने गरेको देखिन्छ। पालिकाले राजस्व रकम ढिला दाखिला गर्नुको कारण पहिचान गरी सुधार गर्नुपर्ने अन्यथा ढिला राजस्व दाखिला गरेको रकमको नियमाअनुसार जरिवाना असुल गर्नुपर्दछ।	
९५.४			**बिलम्ब शुल्कः** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा २७ मा कुनै ठेकदारले आफुले गरेको कबुलियत बमोजिम काम नगरेमा नेपाल सरकारलाई भएका नोक्सानी र नेपाल सरकारले ठेकदारबाट लिनु पर्ने बाँकी र त्यसको दश प्रतिशत सूद समेत सो ठेकदारले राखेको डिपोजिटबाट असुल नभए निजबाट कानुन बमोजिम असुलउपर हुने उल्लेख छ । गाँउपालिकाले निम्नानुसार ढुँगा,गिट्टी र बालुवाको ठेक्का वापत ठेक्का सकार गर्ने ३ वटा ठेकेदार मध्ये २ वटा ठेकेदारले समयमै राजस्व दाखिला नगरेको कारण नियमानुसारले हुने १० प्रतिशत विलम्ब शुल्क असुलउपर गर्नुपर्ने रु	१,१७,५३७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>ठेक्का नं.</th><th>ठेकेदारको नाम</th><th>भुक्तानी गर्नुपर्ने राजस्व</th><th>विलम्ब शुल्क</th></tr>
<tr><td>गुमु खोला क्षेत्र ठेक्का नं.०३</td><td>एस बि ब्रदर्श प्रा ली दोलखा</td><td>पहिलो किस्ता रु.९५६८००।०० माघ,दोस्रो किस्ता रु.९५६८००।०० चैत्र र तेस्रो किस्ता रु. ९५६८००।०० जेठ मसान्तभित्र दाखिला गर्नुपर्नेमा (पहिलो किस्ताको १४२ दिन ढिला दोस्रो किस्ताको ८२ दिन ढिला र तेस्रो किस्ताको २२ दिन ढिला दाखिला भएको कारण नियमानुसार बिलम्ब शुल्क लागेको) २०७९ अषाढ २२ मा बैंक दाखिला भएको</td><td>६४४८५।००</td></tr>
<tr><td>बेनिश्वारा क्षेत्र ठेक्का नं.०२</td><td>त्रिवेणी लाफा कन्स्ट्रक्सन प्रा ली</td><td>पहिलो किस्ता रु.६३२८००।०० माघ,दोस्रो किस्ता रु.६३२८००।०० चैत्र र तेस्रो किस्ता रु. ६३२८००।०० जेठभित्र दाखिला गर्नुपर्नेमा(पहिलो किस्ताको १६२ दिन ढिला दोस्रो किस्ताको १०२ दिन ढिला र तेस्रो किस्ताको ४२ दिन ढिला दाखिला भएको कारण नियमानुसार बिलम्ब शुल्क लागेको)२०७९ श्रावण १२ मा बैंक दाखिला भएको।</td><td>५३०५२।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११७५३७।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>९६.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था रहेको छ।तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५८,५९ र ६१ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरी श्रेस्ता राखुपर्ने व्यवस्था गरिएको छ। यस पालिकाको(वडा कार्यालयहरु समेत) आन्तरिक आय तर्फको श्रेस्ता परीक्षण गर्दा रसिद नियन्त्रण खाता राखुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको (नगदी र मालपोत) अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम भिडान गर्न नसकिएको हुँदा यो वर्ष सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। पालिकाले आवश्यक म.ले.प.फा.नं हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
९६.२			**घटि दाखिलाः** पालिका अन्तर्गतका वडा नं.१, ३, ४ र ६ ले नगदी\मालपोत ठेली र सफ्ट्वेयरबाट रसिद काटी गरेको आम्दानी भन्दा राजस्व दाखिला कम गरेको छ। कम दाखिला गरेको जम्मा रकम रु.२३०४२।२० सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.	२३,०४२.२
९६.३			**बढी दाखिलाः** पालिका अन्तर्गत वडा नं.२, ५, ७, ८, ९ र पालिकाले नगदी\मालपोत र सफ्ट्वेयरबाट रसिद काटी गरेको आम्दानी भन्दा बढी राजस्व दाखिला गरेको देखिन्छ। सो के कति कारणले बढी राजस्व दाखिला भएको हो पालिकाले एकिन गर्नुपर्दछ।	
९६.४			**पालिकाको राजस्व अनुमान र सँकलनः** स्थानीय सरकर सँचालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानिय तहले आफ्नो क्षेत्र भित्र कानुन अनुसार कर लगाउने तथा असुल गर्न सक्ने व्यबस्था रहेको छ। जस अनुसार गाँउपालिकाले यस बर्ष बिभिन्न शिर्षकमा रु.३७,८२,५११.४५ **आम्दानी** गरेको देखिन्छ । जसअनुसार लक्ष्यको ५.१९ प्रतिशत मात्र असुली भएको छ। राजस्वको अनुमानलाइ यथार्थपरक वनाउनुपर्ने देखिन्छ।	

क्र.स.	आम्दानी स्रोत	वार्षिक अनुमानित आय	यस बर्षको आम्दानी
१	एकीकृत सम्पती कर	१,००,०००	१०,२७१.११
२	भुमिकर/मालपोत	५,५९,०००	७४,९५४.३१
३	घरवहाल कर	२,००,०००	१,०५,५५१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

४	वहाल विटौरी कर	५०,०००	०
५	अखेटोपहारमा लाग्ने कर	१,००,०००	०
६	अन्य कर	५,५६,६७,६७२	५०,८३०
७	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	५,००,०००	०
८	न्यायिक दस्तूर	१०,०००	०
९	परीक्षा शुल्क	१,००,०००	६,९००
१०	अन्य प्रशासनिक सेवा शुल्क	४,००,०००	९४,१००
११	नक्सापास दस्तुर	२,००,०००	५४,७१३
१२	सिफारिश दस्तुर	२,००,०००	३,४८,२६५.७४
१३	व्यक्तिगत घटना दर्ता दस्तुर	१,००,०००	३७,५००
१४	नाता प्रमाणित दस्तुर	५०,०००	११,०००
१५	अन्य दस्तुर	४४,१९,०००	२९,८३,६२६.२९
१६	व्यावसाय रजिष्ट्रेशन दस्तुर	२,००,०००	४,८००
१७	बैंक मौज्दात	१,००,००,०००	०
जम्मा		**७,२८,५५,६७२**	**३७,८२,५११.४५**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९६.५			**व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र व्यापार, व्यबसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यबसाय कर लगाउन सक्ने ब्यवस्था छ। गाँउपालिकाले यस आर्थिक बर्षमा व्यबसाय कर वापत आम्दानी गरेको देखिएन। पाँलिकाले आफ्नो क्षेत्राधिकार भित्र व्यबसाय दर्ता भएका व्यवसायहरुको पुर्ण रुपमा अभिलेख राखी कर संकलन गर्नमा तदारुकता देखाउनुपर्ने देखिएको छ।	
९६.६			**मनोरञ्जन करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा मनोरञ्जन करको दर र सँकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको सँकलन गाँउपालिकाले गर्ने भन्ने व्यबस्था रहेको छ। गाँउपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको छैन। ऐन अनुसार कर उठाउन पालिकाले तदारुकता देखाउनुपर्दछ।	
९६.७			**घर जग्गा बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार गाँउपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाँउपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने छ ।कार्यालयले यस आ.ब.मा रु. १,०५,५५१।०० घर जग्गा वहाल कर आम्दानी गरेको देखियो जुन बर्षिक अनुमान भन्दा २४ प्रतिशत कम आय गरेको छ। यस सन्दर्भमा कार्यालयले वहाल कर सम्बन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अध्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्ने देखिन्छ ।	
९६.८			**आन्तरिक राजस्वको स्थितिः**	

वडा	ठेली\सफ्ट्वेयर (नगदी\मालपोल) बाट उठेको राजस्व	दाखिला गरेको राजस्व	बाँकी दाखिला गर्नुपर्ने राजस्व
१	७५९८३।७१	६३२१४।००	१२७६९।७१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>१३४८०३।२१</td><td>१३४८६१।०७</td><td>-</td></tr>
<tr><td>३</td><td>५५९०२।३९</td><td>५५२६३।८८</td><td>६३८।६१</td></tr>
<tr><td>४</td><td>८४४५९।८३</td><td>८४४१३।००</td><td>४६।८३</td></tr>
<tr><td>५</td><td>९९१७९।००</td><td>९९१७९।००</td><td>-</td></tr>
<tr><td>६</td><td>१०५७६२।०५</td><td>९६१००।००</td><td>९६६२।०५</td></tr>
<tr><td>७</td><td>११७९४६।४४</td><td>११७९७०।००</td><td>-</td></tr>
<tr><td>८</td><td>५६८९२।२८</td><td>५९६६६।७८</td><td>-</td></tr>
<tr><td>९</td><td>१४८३४१।५४</td><td>१५४८६२।००</td><td>-</td></tr>
<tr><td>पालिका</td><td>२९०२९७१।००</td><td>२९०४७८९।६७</td><td>-</td></tr>
<tr><td></td><td>३७८२२४१।४५</td><td>३७७०३१९।४०</td><td>२३०४२।२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९७</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता</td><td></td></tr>
<tr><td>९७.१</td><td></td><td></td><td>नागरिकता नम्बर एकै भएका लाभग्राहीः
नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका वडा नं.१ र २ पहिलो त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको छ ।यस पालिका अन्तर्गतका प्रत्येक वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।	

पहिलो त्रैमासिक

क.स.	वडा नं.	लाभग्राही नाम	ना.नं.	व्यक्तिगत परिचय नं.	रकम भुक्तानी
१	१	Pema Dorje Tamang	314	2004100203512	12000
२	१	Dorje Tamang	314	2060010600312	11970
३	२	Barule Thami	2512	2008011007326	12000
४	२	Chhandale Thami	2512	2008011014363	12000
५	२	Dal Bahadur Karki	149782	2004120501515	12000
६	२	Dharma Kumari Khatiwada	3591717	1990060400349	12000
७	२	Hasta Bahadur Thami1	149782	2004070200951	12000
८	२	Kopilananda Khatiwada	3591717	1989081000401	12000
९	२	Sukamaya Tamang	223029157	2015070700576	7980
१०	२	Pabitra Kumari Kathet	223029157	2023041200894	7980
११	२	Chandra Kumari Karki	223029210	2043111000251	6384
१२	२	Chandra Kumari Thami	223029210	2043113000465	6384

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९७.२			**दोहोरो परेका लाभग्राहीः** कार्यविधि अनुसार प्रत्येक स्थानीय तह वडा कार्यालयहरुले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी त्रैमासिक रुपमा रकम निकासा गर्नुपर्दछ। पहिलो त्रैमासिक किस्ताको एम आई एस लगत परीक्षण गर्दा तपसिलको लाभग्राहीहरुको नाम र नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने र दोहोरो हुनेगरी बैंक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रु	५७,०४४

क्र.स.	व्यक्तिगत परिचय नं.	वडा नं.	लाभग्राही नाम	ना.नं.	रकम भुक्तानी
१	2029122901298 2029122901272	२	Mahendra Budhathoki	2210298	6384
२	2007070101327 2007070102622	२	Bhim kumari Thami	1631	12000
३	2004123157844 2004012300433	८	Aaita Maya Thami	7689	12000
४	2005123026111 2009123119249	८	Krishna Maya Shiwakoti	6926	12000
५	2008050203623 2008050203646	८	Man maya Shiwakoti	6833	2660
६	2007122701736 2007122702346	९	Nar Bir Thami	15512865	12000
जम्मा					**५७०४४**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९७.३			**मृत्यु भएकालाई भत्ता** –	४०२,०६४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुची १०(९) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा पठाएको देखिएन। सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रिको परिक्षण गर्दा तपसिल बमोजिमको मृत्यु भएका लाभग्राहिहरुले पाउने रकम भन्दा बढी रकम बैक दाखिला गरेको देखिएकोले पालिकाले आवश्यक छानवीन गरि बढी रकम दाखिला भएमा असुल गरी केन्द्रीय संचित कोष दाखिला गर्नुपर्ने रु...	

वडा नं.	लाभग्राहीको नाम	मृत्यु भएको मिति	वितरण हुनुपर्नेरकम	वितरण भएको रकम	बढी रकम
१	Pancha Maya Thami	२०७८।४।१८	2400	48000	45600
१	Naramaya Thami	२०७७।८।२८	0	31920	31920
१	Kumar Shrestha	२०७८।६।१	4256	12768	8512
१	Lalmane Thami	२०७८।९।१०	9333	12000	2667
१	Solti Thami	२०७८।९।५	8667	12000	3333
२	Tika Kumari Sodari	२०७८।१।१३	0	7980	7980
२	Amrit Bahadur Khatri	२०७८।२।१३	0	12000	12000
२	Bhakta Narayan Shreshtha	२०७७।७।३	0	12000	12000
२	Karnaman Thami	२०७८।२।१३	0	12000	12000

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>Min Kumari Sodari</td><td>२०७७।१०।२७</td><td>0</td><td>24000</td><td>24000</td></tr>
<tr><td>२</td><td>Ratna Kumari Shrestha</td><td>२०७८।५।१४</td><td>5867</td><td>24000</td><td>18133</td></tr>
<tr><td>२</td><td>Sukhabir Thami</td><td>२०७८।३।३०</td><td>0</td><td>11970</td><td>11970</td></tr>
<tr><td>३</td><td>Sancha Maya Tamang</td><td>२०७८।३।१२</td><td>0</td><td>36000</td><td>36000</td></tr>
<tr><td>४</td><td>Prem Kumari Karki</td><td>२०६८।९।१</td><td>0</td><td>20083</td><td>20083</td></tr>
<tr><td>५</td><td>Dhumbe Thami</td><td>२०७८।५।२९</td><td>8000</td><td>48000</td><td>40000</td></tr>
<tr><td>५</td><td>Dan Bahadur Khadka</td><td>२०७८।६।१</td><td>8000</td><td>12000</td><td>4000</td></tr>
<tr><td>५</td><td>Krishnamaya Khadka</td><td>२०७८।७।४</td><td>533</td><td>36000</td><td>35467</td></tr>
<tr><td>५</td><td>Desi Maya Thami</td><td>२०७८।६।२६</td><td>7467</td><td>36000</td><td>28533</td></tr>
<tr><td>६</td><td>Purna Man Thami</td><td>२०७८।६।२०</td><td>10667</td><td>24000</td><td>13333</td></tr>
<tr><td>७</td><td>Nar Bahadur Budhathoki</td><td>२०७८।८।११</td><td>5467</td><td>36000</td><td>30533</td></tr>
<tr><td>८</td><td>Bishnu Raj Shiwakoti</td><td>२०७८।५।३१</td><td>8000</td><td>12000</td><td>4000</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>402064</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९७.४</td><td></td><td></td><td>बैंक अकाउन्ट एकै भएका लाभग्राहीः
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को वुँदा नं १५ मा सम्वन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने तथा लाभग्राही वाहेक अन्य व्यक्तिलाइ भुक्तानी गरेको पाइएमा भुक्तानी गर्ने र रकम वुझ्ने दुवैलाइ कारवाही हुने उल्लेख छ। पालिका अन्तर्गत वडा नं.</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			१ को प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण (नेपाल बैंक लि. सिँगटी शाखा रिभर्स फिड परिक्षण) गर्दा निम्न व्यक्तिहरुको बैंक अकाउन्ट दोहोरो परेको देखिएको छ। यस पालिका अन्तर्गतका प्रत्येक वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्नुपर्ने र बैक अकाउन्ट के कति कारणले दोहोरो परेको हो सोको पुष्ट्याई गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने गरी कार्यालयले छानविन गर्नुपर्ने देखिन्छ।	

प्रथम किस्ता

क स	वडा	व्यक्तिगत परिचय नं.	बैंक अकाउन्ट	नाम	ना.प्र.न.
१	१	2008061500949	28210207167544000001	Kali Thami	2916
२	१	2007100402604	28210207167544000001	ram Bahadur Shrestha	1166
३	१	2008040204621	28210207169904000001	Pemadolma tamang	192744
४	१	2007102102467	28210207169904000001	nayanda Tamang	14535
५	१	2008012005238	28210207166400000001	somdhyani Tamang	1678602
६	१	2008071000724	28210207166400000001	Chitra Bahadur Kami	325225
७	१	2054051402092	28210207201569000001	Sharmila Thami	22027401483
८	१	2031030501327	28210207201569000001	Kumar Shrestha	26681
९	१	2060010600312	28210207201568000001	Dorje Tamang	314

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>१</td><td>2043042500353</td><td>28210207201568000001</td><td>Hari Thami</td><td>221019105</td></tr>
<tr><td>११</td><td>१</td><td>2066070400766</td><td>28210207153007000001</td><td>Sanjip Thami</td><td></td></tr>
<tr><td>१२</td><td>१</td><td>2052111401123</td><td>28210207153007000001</td><td>Gopal Thami</td><td>22017104470</td></tr>
<tr><td>१३</td><td>१</td><td>2057120502305</td><td>28210207201570000001</td><td>Ningma Tamang</td><td>22027501474</td></tr>
<tr><td>१४</td><td>१</td><td>2041062000676</td><td>28210207201570000001</td><td>Indra Lal Shrestha</td><td>44877</td></tr>
<tr><td>१५</td><td>१</td><td>2066010801404</td><td>28210207153142000001</td><td>Kalbir Thami</td><td></td></tr>
<tr><td>१६</td><td>१</td><td>2060072400924</td><td>28210207153142000001</td><td>Pahale Thami</td><td>180</td></tr>
<tr><td>१७</td><td>१</td><td>2015100301189</td><td>28210207168404000001</td><td>Masali Thami</td><td>223019286</td></tr>
<tr><td>१८</td><td>१</td><td>2062061900104</td><td>28210207168404000001</td><td>Sushila Thami</td><td>26</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९७.५</td><td></td><td></td><td>दोहोरो सुविधा अभिलेखः
सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन। यस पालिका अन्तर्गतका वडा कार्यालयहरुमा यस किसिमको अभिलेख राखेको पाइएन। सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरुको भिडान गर्न सकिएको छैन। आगामी दिनमा वडा कार्यायलयहरुले अभिलेख राख्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>९८</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ
यस आर्थिक बर्षम (आ.ब.२०७८।७९) मा पालिकाले ९ वटा वडाहरुको सामाजिक सुरक्षा भत्ता रु.११३४१५५६२।९५ खर्च लेखेको छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९८.१</td><td></td><td></td><td>एम.आई.एस. विवरणः
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आईए स लगतका आधारमा भत्ता रकम निकासा पाउने व्यवस्था छ। गाँउपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन। नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन। एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>९८.२</td><td></td><td></td><td>प्रतिवेदनः
सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन।</td><td></td></tr>
<tr><td>९८.३</td><td></td><td></td><td>लगत कट्टाः
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा र ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको लगत कट्टाको तपसिलको विवरण कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरि लगत कट्टा हुनुपर्नेमा उक्त प्रकृया पुरा नगरी लगत कट्टा गरेकोले लगत कट्टा गर्ने सबै लाभग्राही भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । लगत कट्टा समयमै अद्यावधिका गरि मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ।
<table><tr><th>वडा नं</th><th>लगत कट्टा संख्या</th><th>वडा नं</th><th>लगत कट्टा संख्या</th><th>वडा नं</th><th>लगत कट्टा संख्या</th></tr><tr><td>१</td><td>१६</td><td>२</td><td>३९</td><td>३</td><td>१३</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>४</td><td>१६</td><td>५</td><td>३०</td><td>६</td><td>३८</td></tr><tr><td>७</td><td>३०</td><td>८</td><td>२७</td><td>९</td><td>४०</td></tr></table></td><td></td></tr>
<tr><td>९८.४</td><td></td><td></td><td>हिसाब भिडानः
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन। यस समबन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ।</td><td></td></tr>
</table>